# साधनाको मार्ग

प्रथम अध्याय

# विशुद्धी मार्ग

## १
## चित्त शुद्धी

१. मानिसहरूमा सांसारिक राग हुन्छ , जसले उनीहरूलाई मोह र दुःखमा पुऱ्याउँछ। सांसारिक रागको बन्धनबाट मुक्त हुने उनीहरूका समक्ष पाँच उपायहरू छन्।

पहिलो, उनीहरूमा वस्तुहरूप्रति सम्यक् विचार हुनुपर्दछ। ती विचारहरूको सावधानीपूर्वक अवलोकन गरी हेतु र फलहरू तथा तिनको महत्वको सत्य बोध हुनुपर्दछ। दुःखको कारण, मनको तृष्णा र आशक्तिमा जरैसम्म गाडिएको हुन्छ , तृष्णा र आशक्तिको सम्बन्ध आत्माको भ्रमभूर्ण अवलोकन एवं हेतु र फलको नियमको महत्वको उपेक्षासँग हुन्छ अनि यी मिथ्या अवलोकनहरू नै यिनका कारण हुने हुँदा यी सांसारिक रागको मनले परित्याग गर्न सक्यो भने मात्र शान्ति हुन सक्दछ।

दोस्रो, मानिसहरूले सावधानी तथा धैर्यपूर्वक चित्त नियन्त्रण गरेर यी मिथ्या अवलोकन तथा सांसारिक रागबाट मुक्ति पाउन सक्दछन्। कुशल चित्त नियन्त्रणद्वारा उनीहरूले आँखा, नाक, कान, जिब्रो, छाला र अनुवर्ती मनको उत्तेजनाद्वारा उत्पन्न हुने मानसिक तृष्णाहरूको परित्याग गर्न सक्दछन्। यसो गर्नाले सबै सांसारिक रागलाई जरैबाट निर्मूल पार्न सक्दछन्।

तेस्रो, सबै वस्तुहरूको उचित प्रयोग सम्बन्धी सही विचार उनीहरूमा हुनुपर्दछ। जस्तै, अन्न र वस्त्रलाई उनीहरूको सुख र आनन्दसँग सम्बन्धित नठानी शरीरको आवश्यकतासँग मात्र सम्बन्धित ठान्नु पर्दछ। जाडो र गर्मीको अत्याधिकताबाट शरीरलाई बचाउन र शरीरको लाज ढाक्न वस्त्रको आवश्यकता हुन्छ। ज्ञान र बुद्धत्वको निमित्त अभ्यास गर्दा, अन्न शरीरको पोषणको निमित्त आवश्यक हुन्छ। यस्तो सम्यक् विचार राख्यो भने सांसारिक रागको उत्पत्ति हुन सक्दैन।

चौथो, मनुष्यले सहिष्णुता राख्न सिक्नु पर्दछ। उनीहरूले गर्मी र जाडोबाट अनि भोक र प्यासबाट उत्पन्न हुने असुविधाहरू सहन सिक्नु पर्दछ ; कसैले निन्दा गर्दा अथवा तिरष्कार गर्दा धैर्यसाथ सहन सिक्नुपर्दछ। सहिष्णुताको अभ्यासले नै उनीहरूको शरीरलाई जलाईराख्ने सांसारिक रागको अग्निलाई भष्म गर्दछ।

पाँचौं, मनुष्यहरूले सबै संकट देख्न र तिनको परित्याग गर्न सिक्नुपर्दछ। जसरी बुद्धिमान मानिसले आफूलाई जंगली घोडा तथा बहुला कुकुर भन्दा टाढा राख्दछ , त्यसैगरी कुनै पनि मनुष्यले दुष्टहरूको संगत गर्नुहुँदैन, न त त्यस्तो ठाउँमा जानुहुन्छ जसको परित्याग बुद्धिमान मानिसहरूले गर्दछन्। यदि कसैले सावधानी र विवेकको अभ्यास गर्दछन् भने उनको प्राण जलाइराख्ने सांसारिक रागको अग्नि त्यसै सेलाएर जान्छ।

२. संसारमा तृष्णाका पाँच समूह छन्।

आँखाले रूपमा देखेर उत्पन्न हुने ; कानले सुन्ने स्वरबाट उत्पन्न हुने ; नाकले सुँघ्ने सुगन्धबाट उत्पन्न हुने ; जिब्रोलाई लाग्ने मीठो स्वादबाट उत्पन्न हुने ; स्पर्श बोधबाट राम्रो लाग्ने वस्तुबाट उत्पन्न हुने तृष्णा। तृष्णाका यी पाँच द्वारबाट शरीरमा आनन्दप्रतिको प्रेमको उत्पत्ति हुन्छ।

धेरैजसो मानिसहरू आनन्दप्रति शरीरको प्रेमद्वारा प्रभावित हुने हुँदा, यस्तो आनन्द पछि  पछि आउने दुर्बिकार देख्दैनन् र उनीहरू, जंगलमा शिकारीको जालमा परेको हरिण जस्तै शैतानको पासोमा पर्दछन्। वास्तवमा, इन्द्रियहरूबाट उत्पन्न हुने तृष्णाका यी पाँच द्वारहरू सबभन्दा भयावह जालहरू हुन्। यसमा परेपछि मनुष्यहरू सांसारिक रागले जेलिन्छन् र दुःख पाउँछन्। यी जालहरूबाट कसरी मुक्ति पाउने हो त्यो उनीहरूले थाहा पाउनु पर्दछ।

३. सांसारिक रागको जालबाट मुक्ति पाउने कुनै एक मार्ग छैन। कल्पना गरौं तपाईले धेरै फरक स्वभाव भएका छ प्राणीहरू ; सर्प, गोही, चरा, कुकर, फ्याउरो र बाँदर समात्नु भयो र ती छ वटैलाई एउटा बलियो डोरीले बाँधेर छाडिदिनुभयो। यी  छवटै प्राणी प्रत्येकले आ-आफ्नो वासस्थानमा आ-आफ्नै तरिकाले जाने प्रयत्न गर्नेछ। सर्प घाँसभित्र पस्न खोज्ने छ , गोहीले पानी खोज्नेछ , चराले आकाशमा उड्ने इच्छा गर्नेछ , कुकुरले कुनै गाउँ खोज्नेछ , फ्याउरोले एकान्त ओत खोज्ने छ र बाँदरले जंगलको रुख खोज्ने छ। प्रत्येकले आआफ्नो बाटो खोज्दा संघर्ष हुनेछ तर सबै एउटै डोरीले बाँधिएको हुँदा, ती मध्ये सबभन्दा बलियोले अरुलाई तानेर लग्नेछ।

उपरोक्त दृष्टान्तमा भएका प्राणीहरू जस्तै मानिस उसका छ इन्द्रियहरू आँखा, कान, नाक, जिब्रो, स्पर्श र मनको तृष्णाले विभिन्न दिशातर्फ आकर्षित हुन्छ र प्रबल तृष्णाद्वारा नियन्त्रित हुन्छ।

यदि ती छवटै प्राणीहरूलाई एउटै खम्बामा बाँधिएर राखियो भनेउनीहरू नथाकुन्जेलसम्म स्वतन्त्र हुने प्रयत्न गर्दछन् र त्यसपछि तिनीहरू खम्बामुनी थाकेर सुत्नेछन्। यस्तै प्रकारले यदि मानिसहरूले मनलाई तालिम दिएर नियन्त्रणमा राख्न सक्यो भने अन्य पाँच इन्द्रियहरूद्वारा अरु कष्ट उत्पन्न हुन सकदैन। यदि मन नियन्त्रणमा छ भने मानिसहरूले वर्तमान र भविष्य दुवैमा सुख पाउने छन्।

४. मानिसहरूले आफ्नो अहंकारपूर्ण सुखसुविधालाई प्रेम गर्दछन् जो कुरा ख्याति र प्रशंसाप्रतिको प्रेम हो। तर ख्याति र प्रशंसा भनेको त त्यो धुप जस्तो हो जसले स्वयम्लाई जलाउँछ र छिटै सकिएर जान्छ। यदि मानिसहरू सम्मान र जनप्रशंसाको पछि पछि मात्र लाग्दछन् एवं सत्य मार्ग छाड्दछन् भने उनीहरू गंभीर संकटमा पर्दछन् र छिटै नै पश्चात्ताप गर्ने कारणमा पुग्ने छन्।

जो मानिस सम्मान र सम्पति एवं प्रेम मामिलाको पछि पछि दगुर्दछ त्यो त्यस्तो बालक जस्तै हो जो चक्कुको धारमा मह चाट्दछ। जबसम्म उसले महको मिठास स्वाद लिइरहेको हुन्छ तबसम्म आफ्नो जिब्रोमा चोटको जोखिम हुनेछ। ऊ त्यस्तो मानिस जस्तै हो जो तीब्र हावाको विपरीतमा मसाल बालेर बोक्दछ ; मसालको ज्वालाले त उसको हात र अनुहार निश्चय नै जलाउने छ।

कसैले पनि लोभ, द्वेष र मोहले भरिएको आफ्नो मनमाथि विश्वास गर्नु हुँदैन। कसैले पनि आफ्नो मनलाई अनियन्त्रित रूपले विचरण गर्न दिन हुँदैन तर त्यसमाथि दृढ नियन्त्रण राख्नु पर्दछ।

५. मनमाथि पूर्ण नियन्त्रण प्राप्त गर्नु भनेको एउटा अत्यन्त कठिन कार्य हो। जो ज्ञान प्राप्त गर्न चाहन्छन् उनले सर्वप्रथम सबै तृष्णाहरूको अग्नि परित्याग गर्नुपर्दछ। तृष्णा भनेको अग्निको तीव्र ज्वाला जस्तै हो र ज्ञानको प्राप्ति गर्न खोज्ने व्यक्ति सुकेको परालको भारी बोक्ने मानिसले आगोको झिल्काबाट आफूलाई टाढा राखेझैं तृष्णाको अग्निबाट त्यतिकै टाढा बस्नु पर्दछ।

तर कुनै मानिसले सुन्दर रूपप्रति आकर्षित हुने डरले मात्र आँखा चिम्लनु मूर्खता हो। मन भनेको स्वामी हो र यदि मन नियन्त्रणमा राखियो भने अन्य तुच्छ तृष्णाहरू हराएर जान्छन्।

ज्ञानको मार्ग अनुसरण गर्ने कार्य कठिन हो, तर यदि मानिसहरूमा त्यस्तो मार्ग प्राप्त गर्ने कुनै मन छैन भने त्यो बढी कठिन कार्य हो। ज्ञानविना जन्म र मृत्युको यस संसारमा अनन्त दुःख हुन्छ।

ज्ञानको मार्ग खोजी गर्नु भनेको एउटा गह्रौं भारी बोकेको गोरुले हिलोको खेतमा हिँड्नु जस्तो हो। तर यदि गोरुले अरु कुराको वास्ता नराखी सकेसम्म धेरै प्रयत्न गर्दछ भने उसले हिलोमाथि विजय प्राप्त गरी आराम गर्न सक्दछ। यसैगरी यदि मन नियन्त्रणमा छ र सही मार्गमा राखिएको छ भने लोभको कुनै हिलोले उसको बाटो छेक्ने छैन र यसमा सबै दुःख हराएर जाने छन्।

६. जसले ज्ञानको मार्ग खोज्ने प्रयत्न गर्दछन् तिनले सबभन्दा पहिले सम्पूर्ण अहंकारलाई हटाउनु पर्दछ र विनम्रतापूर्वक बुद्धको उपदेशको ज्योति ग्रहण गर्न तत्पर रहनु पर्दछ। संसारको सबै सम्पति, यसको सबै सुन, चाँदी र सम्मानको तुलना प्रज्ञा र सद्गुणसँग गर्न हुँदैन।

राम्रो स्वास्थ्य, आफ्नो परिवारमा सच्चा आनन्द ल्याउन, सबैलाई शान्ति प्रदान गर्नभन्दा अघि मनुष्यले आफ्नो मनलाई अनुशासन तथा नियन्त्रणमा ल्याउनु पर्दछ। यदि कुनै मनुष्यले आफ्नो मनमाथि नियन्त्रण ल्याउन सक्यो भने उसले ज्ञानको मार्ग प्राप्त गर्न सक्छ एवं सम्पूर्ण प्रज्ञा र सद्गुण स्वभाविक रूपले उसकहाँ आइपुग्ने छन्।

जसरी पृथ्वीमुनिबाट धनराशि झिक्न सकिन्छ ,त्यसैगरी सत्कार्यबाट सद्गुण प्रकट हुन्छ ,तथा पवित्र र शान्त मनबाट प्रज्ञा प्रकट हुन्छ। मानव जीवनको भुलभुलैयाबाट सुरक्षापूर्वक हिँड्न, कुनै पनि व्यक्तिलाई प्रज्ञाको ज्योति र सद्गुणको मार्गदर्शन चाहिन्छ।

बुद्धको उपदेशले मानिसलाई लोभ, द्वेष र अज्ञानलाई निर्मूल पार्ने उपायको शिक्षा दिन्छ , यो एक असल उपदेश हो र जसले यसको पालना गर्दछन् उनले असल जीवनमा हुने सुख प्राप्त गर्दछन्।

७. मानिसहरू आ-आफ्नो विचारको दिशातर्फ अग्रसर हुने प्रवृत्ति राख्दछन्। यदि उनीहरूले लोभपूर्ण विचार राख्दछन् भने उनीहरू अझ बढी लोभी हुन्छन्। यदि उनीहरू क्रोधपूर्ण विचार राख्दछन् भने अझ बढी क्रोधी हुन्छन् । यदि उनीहरू मूर्खतापूर्ण विचार राख्दछन् भने उनीहरू त्यसै दिशातर्फ बढ्दछन्।

बालीनालीको समयमा किसानहरूले आफ्ना जनावरहरूलाई थुनेर राख्दछन् , अन्यथा उनीहरूले बारहरू भत्काएर बाली भएका खेतमा पस्न सक्दछन् , जुन कुरा अभियोग अथवा मारिने कारण हुन सक्दछन् । त्यसैले मानिसहरूले आफ्नो मनलाई कपटता तथा दुर्भाग्यबाट निरन्तर रक्षा गर्नुपर्दछ । उनीहरूले लोभ, द्वेष र अज्ञानलाई उत्तेजित गर्ने विचारहरू निर्मूल गर्नै पर्दछ तर उदारता र दयालाई प्रेरणा दिने विचारहरूलाई प्रोत्साहित गर्नु पर्दछ ।

जब वसन्तको आगमन हुन्छ अनि चरनहरू हरिया घाँसले भरिन्छन् । किसानहरूले आफ्ना जनावरहरूलाई चरनमा पठाउँछन् तर त्यसबेला पनि उनीहरूले आफ्ना जनावरहरूमाथि निरन्तर निग्राणी राखि छाड्छन् । यो कुरा मनमाथि पनि उत्तिकै प्रयुक्त हुन्छ ; अत्यन्त असल परिस्थितिहरूमा पनि मनमाथि दृष्टि पुऱ्याई राख्नु पर्दछ ।

८. एक समय भगवान बुद्ध कौशाम्बी नगरमा बस्नु भएको थियो । यस नगरमा एक यस्तो व्यक्ति थियो जसमा शाक्यमुनि बुद्धप्रति कुभावना थियो र असत्य कथाहरू फैलाउन दुष्ट व्यक्तिहरूलाई त्यस मानिसले घूस दिएको थियो । यी परिस्थितिहरूमा उहाँका शिष्यहरूलाई भिक्षाटनमा पर्याप्त भिक्षा मागेर ल्याउन कठिन हुन्थ्यो र त्यो नगरमा धेरै गलत प्रचलनहरू थिए ।

आनन्दले शाक्यमुनि बुद्धलाई भने, “हामीहरू यस्तो नगरमा नबस्नु राम्रो हो । यसभन्दा अन्य र असल नगरहरू छन् जहाँ जान सकिन्छ । हामीहरूले यो नगर छाडेको उत्तम हुनेछ ।”

भगवान बुद्धले उत्तर दिनु भयो, “मानौं, अर्को नगर पनि यस्तै भयो भने, हामीले अनि के गर्ने ?”

"त्यसपछि हामी अर्को नगरमा जानेछौँ ।"

भगवान बुद्धले भन्नु भयो : "हेर आनन्द, यस्तो गर्नाले यसको कुनै अन्त्य हुने छैन । हामी बरु यही बसी धैर्यपूर्वक अपशब्दहरू सही राखौँ जबसम्म यी अपशब्दहरू बन्द हुँदैनन् र त्यसपछि मात्र हामी अर्को ठाउँमा जानु पर्दछ ।"

"यस संसारमा लाभ र हानि हुन्छ , सम्मान र निन्दा हुन्छ , प्रशंसा र दुर्व्यवहार हुन्छ , सुख र दुःख हुन्छ। बुद्धमाथि यी बाह्य वस्तुहरूको नियन्त्रण हुँदैन ; तिनीहरू आएको वित्तिकै शीघ्र अन्त्य हुन्छ ।"

## २

## सदाचारको असल मार्ग

१. जसले ज्ञानको मार्ग खोज्दछन् उनीहरूले आफ्नो शरीर, वाणी र मनलाई निरन्तर पवित्र राख्नुपर्ने आवश्यकतालाई मनमा लिई राख्नु पर्दछ । शरीरलाई पवित्र राख्न कसैले पनि जीवित प्राणीको हत्या गर्नु हुँदैन, कसैले पनि चोरी गर्नु हुँदैन तथा अनैतिक यौन सम्बन्ध राख्नु हुँदैन । वाणीलाई पवित्र राख्न कसैले पनि असत्य बोल्नु हुँदैन, दुर्व्यवहार गर्नु हुँदैन, ठग्नु हुँदैन, व्यर्थको प्रलाप गर्नु हुँदैन । मनलाई पवित्र राख्न लोभ, द्वेष र असत्य निर्णयलाई अवश्य बहिष्कार गर्नुपर्दछ ।

यदि मन अपवित्र भयो भने निश्चय नै, कसैले गर्ने कार्यहरू पनि अपवित्र हुने छन् ; यदि कार्यहरू अपवित्र भए भने दुःख उत्पन्न हुन जान्छ। तसर्थ मन र शरीरलाई पवित्र राख्नु अत्यन्त महत्वपूर्ण कुरा हो ।

२.	कुनै समय एक धनी विधुवा थिइन् , जसको दया, नम्रता र शिष्टाचारको प्रसिद्धि फिँजिएको थियो । उनको घरमा एक बुद्धिमानी र लगनशील सेविका पनि थिइन् ।

एक दिन सेविकाले विचार गरिन् : “मेरी मालिक्नीको ख्याति निकै फैलिएको छ , तर उनी स्वभावैले असल हुन अथवा वरिपरिको वातावरणले असल भएकी हुन् , म यो कुरा पत्ता लगाउने छु ।”

अर्को बिहान सेविका झण्डै दिउसो नहुन्जेल मालिक्नी समक्ष देखा परिनन् । मालिक्नी रिसाइन र अधैर्यपूर्वक उनलाई गाली गरिन् । सेविकाले उत्तर दिइन् : “यदि म एक वा दुई दिनका लागि अल्छी भएँ भने, तपाईमा यसरी अधैर्य आउनु हुँदैन ।” त्यो सुनेर मालिक्नी रिसाइन् ।

अर्को दिन सेविका फेरी अवेर उठिन् । यसले गर्दा मालिक्नी अत्यन्तै रिसाइन र सेविकालाई लौरोले पिटिन् । यो घटनाको व्यापक चर्चा भयो र ती धनी विधवाको राम्रो ख्याति हराएर गयो ।

३.	धेरै मानिसहरू यिनै नारी जस्तै हुन्छन् । जब उनीहरूको परिस्थिति सन्तोषजनक हुन्छ , उनीहरू दयालु , विनम्र र शान्त हुन्छन् र जब परिस्थितिमा परिवर्तन आएर त्यो असन्तोषजनक हुन्छ तब पनि उनीहरू पहिलेको जस्तै हुन्छन् भन्ने कुरा प्रश्न चिन्ह उठ्छ ।

कुनै पनि मनुष्यले उसका कानमा अप्रिय शब्दहरू सुन्दा उसप्रति अरुले शत्रुता देखाउँदा अथवा उसले पर्याप्त अन्न, बस्त्र र आश्रय नपाएको बेला पनि पवित्र र शान्त मन राखी निरन्तर असल कार्य गर्दछ भने त्यस्ता व्यक्तिलाई हामी असल भन्न सक्दछौं ।

तसर्थ, जसले आफ्नो वरिपरिको परिस्थितिलाई सन्तोषजनक हुँदा मात्र शान्त मन राखी असल कार्य गर्दछन् , त्यस्ताहरू वास्तवमा असल व्यक्ति होइनन् । जसले बुद्धको उपदेश ग्रहण गरेर त्यस उपदेश अनुकूल आफ्नो शरीर र मनको साधना गरिसकेका हुन्छन् ती व्यक्तिहरूलाई मात्र वास्तवमा असल, विनम्र र शान्त भन्न सकिन्छ ।

४. शब्दहरूको प्रयोगको उपयुक्तताको आधारमा पाँच जोडी विपरीतार्थक शब्दहरू हुन्छन् : आफ्नो अवसरका लागि उपयुक्त शब्दहरू र अवसरका लागि अनुपयुक्त शब्दहरू ; तथ्य अनुकूलका शब्दहरू र तथ्यका अनुकूल नभएका शब्दहरू ; प्रिय शब्दहरू र अशिष्ट शब्दहरू ; हितकारी शब्दहरू र अहितकारी शब्दहरू ;सहानुभूति ल्याउने शब्दहरू र घृणित शब्दहरू ।

हामीले जुनसुकै शब्द प्रयोग गर्दा पनि सावधानीपूर्वक तिनको छनोट गर्नुपर्दछ , किनभने मानिसहरूले तिनलाई सुन्दछन् अनि असल वा खराबप्रति तीद्वारा प्रभावित हुन्छन् । यदि हाम्रो मन सहानुभूति र करुणाले भरिएको छ भने, हामीले अपशब्द सुन्दा पनि त्यसप्रति तिनमा प्रतिकार उत्पन्न हुँदैन । हामीले उच्छृंखल शब्दहरू उच्चारण गर्नुहुँदैन किनभने तिनले द्वेष र घृणाको भावना मात्र वृद्धि गर्दछन् । हामी जुन शब्द प्रयोग गर्दछौं , ती सदैव सहानुभूति तथा प्रज्ञाका शब्दहरू हुनुपर्दछ ।

कल्पना गरौं त्यस्तो व्यक्तिको जसले जमीनबाट सबै धूलो हटाउन खोज्दछ। उसले एउटा कोदालो तथा कुचोको प्रयोग गर्दछ तथा लगनशीलताका साथ प्रयास गर्दा पनि धूलो चारैतिर फिजिन्छ र

यो एक असंभव कार्य हुन जान्छ। त्यस मूर्ख मनुष्य जस्तै हामीले सबै शब्दहरू हटाउन सक्दैनौं। हामीले आफ्नो मनलाई वशमा राख्नु पर्दछ अनि हृदय सहानुभूतिले भर्नु पर्दछ, जसले गर्दा अरुहरूले बोलेका शब्दहरूले हामीहरूलाई विचलित पार्ने छैन।

कसैले नीलो आकाशमा पानी रङ्ग प्रयोग गरेर चित्र बनाउने प्रयत्न गऱ्यो भने त्यो असम्भव कुरा हुनेछ। त्यस्तै सुकेको घाँसको राँकोको तापले ठूलो नदी सुकाउन असंभव हुन्छ अथवा दुई राम्ररी सुकाएर तयार पारिएको छालाका टुक्राहरू परस्परमा घसेर कटकट आवाज निकाल्न सकिँदैन। यी उदाहरणहरू जस्तै मानिसहरूले आफ्नो मनलाई वशमा राख्नु पर्दछ। जसको फलस्वरूप जस्तोसुकै प्रकारका शब्दहरू सुने तापनि उनीहरू विचलित हुने छैनन्।

उनीहरूले आफ्नो मनलाई वशमा राख्नुपर्दछ र तिनलाई पृथ्वीजस्तै विस्तृत, आकाशजस्तै असीमित, ठूलो नदीजस्तै गहिरो, अनि राम्ररी तयार पारिएको छालाजस्तै नरम राख्नुपर्दछ।

तिम्रो शत्रुले तिमीलाई समातेर शारीरिक यातना दिँदा, यदि तिमीमा रिसको भावना उत्पन्न भयो भने तिमीले बुद्धको उपदेशको पालना गरको हुने छैन। प्रत्येक परिस्थितिमा तिमीले यो विचार गर्न सिक्नु पर्दछ "मेरो मन विचलित हुन सक्दैन। घृणा र द्वेषका शब्दहरू मेरो मुखबाट निस्कने छैनन्। मैले सबै चेतनशील प्राणीप्रति करुणाले भरिएको मनबाट उत्पन्न हुने सहानुभूति तथा दयाको विचारले मेरा शत्रुहरूलाई परिवेष्ठित गरिदिने छु।"

५.  एउटा मानिसको कथा छ जसले दिउँसो बल्ने अनि राती धुवाँ निस्कने एक कमिलाको पहाड भेट्टायो। ऊ एकजना बुद्धिमान मानिसकहाँ गयो अनि उसले यस विषयमा के गर्ने भनी सल्लाह माग्यो। बुद्धिमान मानिसले त्यसलाई तरबारले खन्न भनी सल्लाह दिए। त्यस मानिसले भने बमोजिम गऱ्यो। सबभन्दा पहिले उसले ढोकाको छेकबार भेट्यो, त्यसपछि पानीका केही फोकाहरू, अनि लामो बिँड भएको दाँते औजार, एउटा बाकस, एउटा कछुवा, एउटा कसाईको चक्कू , एक टुक्रा मासु र अन्त्यमा एउटा उड्ने महासर्प, जो त्यहाँबाट बाहिर निस्क्यो। त्यस मानिसले यी पाइएका कुराहरूका सम्बन्धमा बुद्धिमान मानिसलाई बतायो। बुद्धिमान मानिसले यसको महत्व व्याख्या गर्दै भने, "उड्ने महासर्प बाहेक सबै वस्तुहरू फ्याकी देऊ यो उड्ने महासर्पलाई नचलाई एक्लै छाडी देऊ।"

यस कथामा "कमिलाको पहाड" मानव शरीरको प्रतीक हो। "दिउसो बल्ने" भनेको अगाडिको रातमा विचार गरेको कुरा दिनमा मानिसहरूले कार्य रूपमा परिणत गरेको तथ्य हो। "रात्रीमा धुवाँ निस्कने" भनेको मानिसहरूले दिनमा गरेको कार्यलाई रात्रीमा आनन्द अथवा खेदका साथ स्मरण गर्दछन् भन्ने कुराको संकेत हो।

यसै कथामा "एक मानिस" भनेको ज्ञानको खोजी गर्ने मानिस हो। "एक बुद्धिमान मानिस" भनेको बुद्ध हो। "एक तरबार" भनेको विशुद्ध प्रज्ञा हो। "त्यसलाई खन्नु" भनेको ज्ञान प्राप्तिका निमित्त उसले गर्नै पर्ने प्रयत्न हो।

यसै कथामा "ढोकाको छेकबार" भनेको अज्ञान हो ; "पानीको फोका" भनेको दुःख र द्वेषका फोका हुन् ; "लामो बिँड भएको दाँते औजार" भनेको सङ्कोच र असरलता हो ; "बाकस" भनेको लोभ, द्वेष, आलस्य, अधीरता, पश्चाताप र भ्रम हो ; "कछुवा" भनेको शरीर र मन हो ; "कसाईको चक्कु" को अर्थ पाँच इन्द्रियहरूको तृष्णाको समन्वय हो र "मासुको टुक्रा" भनेको त्यस्तो तृष्णा हो जसले मानिसलाई सन्तुष्टिप्रति आकर्षित गर्दछ। यी सबै वस्तुहरू मनुष्यका निमित्त हानिकारक हुन् त्यसैले "तिनीहरू सबै फ्याँक्न" बुद्धले भनेका हुन्।

कथामा अझ अघि, "उड्ने महासर्प" भनेको त्यस्तो मन हो जसले सबै सांसारिक रागलाई अन्त्य गरिसकेको हुन्छ। यदि कुनै मनुष्यले आफ्नो वरिपरिका वस्तुलाई प्रज्ञाको तरबारले खन्दछ भने ऊ अन्ततोगत्वा यसै उड्ने महासर्पनिर आईपुग्दछ। "यो उड्ने महासर्पलाई एक्लै रहन देऊ, यसलाई नखलबल्याऊ" को अर्थ सांसारिक तृष्णाभन्दा स्वतन्त्र मनको खोजी गर्नु हो।

६. बुद्धका एक शिष्य, पिण्डोलाले ज्ञान प्राप्त गरेपछि उनको जन्मस्थल कौशाम्बीका निवासीहरूले उनीप्रीत देखाएको दयाप्रति कृतज्ञता प्रकट गर्न त्यहाँ फर्के। यसो गरेर उनले बुद्ध-बीज रोप्न खेत तयार पारे।

कौशाम्बी नगरको छेउमा गंगा नदीको तीरमा एउटा सानो बगैँचा छ , जसमा नरिवलका पंक्तिका पंक्ति रुखहरूले छहारी दिएका छन् र जहाँ शीतल हावा निरन्तर बग्दछ।

गर्मी मौसममा एक दिन जब पिण्डोला एक बृक्षको छहारीमा ध्यान गरेर बसीराखेका थिए , त्यसैबेला राजा उदेन आफ्ना रानीहरूका साथ मनोरञ्जनका निमित्त त्यस बगैंचामा आए एवं संगीत तथा आनन्द पश्चात् , उनी एक अर्को रुखको छहारीमा एकछिन निदाए ।

जब उनीहरूका राजा सुतिराखेका थिए , उनकी रानीहरू आफ्ना सेविकाहरूका साथ बगैँचामा घुम्न थाले र घुम्दाघुम्दै अकस्मात् ध्यानमग्न भई बसेका पिण्डोलालाई देख्न पुगे। उनीहरूले उनलाई एक ऋषिका रूपमा चिने र उनीबाट उपदेशको याचना गरे। उनीहरूले उनको उपदेश सुने ।

जब राजा आफ्नो निद्राबाट बिउँझे, उनी आफ्ना रानीहरूको खोजीमा हिँडे र उनले उनीहरूलाई त्यस व्यक्तिको चारैतिर बसेर उनको उपदेश सुनी रहेको पाए। राजाको मन ईर्ष्यालु र कामुक भएको हुँदा, राजा रिसाए अनि पिण्डोलाप्रति अपशब्दहरू बोल्दै भने : "तिमी ऋषि जस्तो मानिस महिलाहरूको बीचमा बसी उनीहरूसँग व्यर्थका कुरा गरिरहनु अक्षम्य हो।" पिण्डोला विस्तारै आँखा बन्द गरी शान्त बसिराखे ।

रिसाएको राजाले आफ्नो तरबार झिके अनि पिण्डोलालाई चेतावनी दिए , तर ऋषि शान्त भई चट्टान जस्तै दृढ बसिरहे। यसले गर्दा राजा अझ बढी रिसाए अनि एउटा कमिलाको ढिस्को फोरेर कमिलैकमिला भरिएको माटो उनीतिर फाले, तैपनि पिण्डोला ध्यान मग्न बसिराखे एवं यो अनादर तथा यातना चुपचाप सही राखे।

त्यसपछि, राजा आफ्नो जाइलाग्ने व्यवहारप्रति लज्जित भए तथा पिण्डोलासँग क्षमायाचना गरे। यस घटनाको फलस्वरूप, बुद्धको उपदेश राजाको दरबारमा प्रवेश गयो र त्यहाँबाट सम्पूर्ण देशमा फैलियो।

७. त्यसको केही दिनपछि राजा उदेन पिण्डोलाको जंगलस्थित एकान्तवासमा गए र उनलाई प्रश्न गर्दै भने, "श्रद्धेय गुरु, मलाई यो कुरा बताउनुहोस् कसरी बुद्धका शिष्यहरू धेरै जसो युवक भए तापनि, आफ्नो शरीर र मनलाई पवित्र राख्न सक्दछन् र कामवासनाद्वारा प्रलोभित हुँदैनन् ?"

पिण्डोलाले उत्तर दिए, "हे महाप्रतापी राजा, बुद्धले सबै नारीहरूको सम्मान गर्न हामीलाई उपदेश दिनु भएको छ। सबै बुढी नारीहरूलाई आफ्नो आमाको रूपमा हेर्न, आफ्ना उमेरकाहरूलाई बहिनीका रूपमा हेर्न तथा आफूभन्दा सानालाई आफ्ना पुत्रीका रुपमा हेर्न उहाँले हामीलाई उपदेश दिनुभएको छ। यसै उपदेशको फलस्वरूप बुद्धका शिष्यहरू युवक भए तापनि आफ्नो शरीर र मनलाई पवित्र राख्न सक्दछन् एवं कामवासनाद्वारा प्रलोभित हुँदैनन्।"

"तर श्रद्धेय गुरु, कुनै व्यक्तिले आमाको उमेर, बहिनीको उमेर अथवा पुत्रीको उमेरका अन्य नारीहरूप्रति अपवित्र विचार राख्न सक्दछ। बुद्धका शिष्यहरूले आफ्नो तृष्णामाथि कसरी नियन्त्रण राख्दछन् ?"

"हे महाप्रतापी राजा, भगवान बुद्धले हाम्रो शरीरलाई सबै प्रकारले अपवित्र जस्तो रगत, पीप, पसीना र तेल निकाल्ने शरीरको रूपमा लिन उपदेश दिनु भएको छ र यसरी विचार गरेर हामी युवा

भए तापनि, आफ्नो मनलाई पवित्र राख्न सक्दछौँ।"

"श्रद्धेय गुरु", राजाले पुनः प्रश्न गरे। "तपाईका निमित्त यस्तो गर्नु सरल कुरा हुन्छ , कारण तपाईले आफ्नो शरीर र मनलाई साधनामा ल्याइसक्नु भएको छ र आफ्नो  प्रज्ञालाई परिष्कृत गरी सक्नु भएको छ , तर यो कुरा तिनीहरूका निमित्त कठिन हुन्छ जसले यस्तो साधना अझै गरिसकेका छैनन्। उनीहरूले अपवित्र कुरा सम्झने प्रयत्न गरे तापनि उनीहरूका आँखा सुन्दर रूपहरूका पछि पछि लाग्न सक्दछन्। उनीहरूले कुरूपता हेर्ने प्रयत्न गरे तापनि सुन्दर रूपहरूबाट प्रलोभित हुन सक्दछन्। बुद्धका युवा शिष्यहरूले आफ्ना कार्यहरू पवित्र राख्न सक्ने अन्य कारणहरू हुनै पर्दछ।"

पिण्डलाले उत्तर दिए "हे महाप्रतापी राजा, तथागतले हामीलाई पाँच इन्द्रिय द्वारहरूको रक्षा गर्न उपदेश दिनुभएको छ। जब हामीले आफ्नो आँखाले सुन्दर रूप तथा रङ्ग देख्दछौँ, जब हामीले आफ्नो कानले सुमधुर वाणी सुन्दछौ, जब हामीले आफ्नो नाकबाट सुगन्धको वासना लिन्छौँ, जब हामी हाम्रो जिब्रोले मीठो कुराको स्वाद लिन्छौँ अथवा जब हामी हाम्रो हातले नरम वस्तु स्पर्श गर्दछौँ, हामी यी आकर्षक वस्तुहरूप्रति आशक्त हुनु हुँदैन, न त हामीले अनाकर्षक वस्तुहरूलाई देख्दा घृणा मान्नु हुन्छ। हामीले यी पाँच इन्द्रियका द्वारहरूको सावधानीपूर्वक रक्षा गर्नुपर्दछ भनी हामीलाई शिक्षा दिइएको हुन्छ। भगवान बुद्धको यसै उपदेशका फलस्वरूप युवा शिष्यहरू पनि आफ्नो मन र शरीर पवित्र राख्न सक्षम हुन्छन्।

"भगवान बुद्धको उपदेश वास्तवमा अद्भूत छ। मेरो स्वयम्को अनुभवबाट मलाई थाहा छ , यदि म सजग नरहेको अवस्थामा कुनै सुन्दर अथवा प्रिय वस्तुका समक्ष पुगें भने इन्द्रियमाथि परेको त्यस

वस्तुको प्रभावबाट म विचलित हुन्छु। इन्द्रियहरूको द्वारमा सदैव सजग रही हाम्रो कर्तव्य पवित्र राख्नु अत्यन्त महत्वपूर्ण कुरा हो।"

८. जहिले पनि मनुष्यले आफ्नो मनको विचारलाई क्रियामा परिणत गर्दछ , त्यसको प्रतिक्रिया सदैव त्यस पछि पछि आउँछ। यदि कसैले तिमीप्रति अपशब्द बोल्यो भने, त्यस्तै प्रकारले उत्तर दिने अथवा बदला लिने भावना जाग्दछ। प्रत्येक व्यक्तिले यस्तो स्वभाविक प्रतिक्रियाप्रति सजग रहनु पर्दछ। यो त हावाको विपरीत थुक्नु जस्तै हो, यसले आफूलाई बाहेक अरु कसैको हानि गर्दैन। यो कुरा हावाको विपरीत धूलो बढार्नु जस्तै हो, यसले धूलो त बढारिँदैन, केवल आफूलाई दूषित पार्दछ। प्रतिकारको भावनातिर जो लाग्दछ त्यसलाई पाइला पाइलामा दुर्भाग्यले लखेट्दछ।

९. लोभको परित्याग गरी दानशील मनको पोषण गर्नु अत्यन्त असल कार्य हो। आर्य मार्गको सम्मानप्रति आफ्नो मन लगाई राख्नु झन असल कुरा हो।

कसैले पनि स्वार्थी मनको परित्याग गरी त्यसको सट्टा त्यस्तो मन राख्नु पर्दछ जो अरुको सहायता गर्न उत्सुक रहोस्। अरुलाई सुखी पार्ने कार्यले झन अरुलाई सुखी पार्न उसलाई प्रेरित गर्दछ र यसरी यस्तो कार्यले सुखको उत्पत्ति हुन्छ।

एउटै बत्तीबाट हजारौँ बत्ती बाल्न सकिन्छ , यसले गर्दा सो बत्तीको जीवन छोट्टिन जाने होइन। अरुसँग सहभागी भएको सुख कहिल्यै घट्दैन।

जसले ज्ञानको खोजी गर्दछन् तिनीहरू आफ्नो प्रत्येक पाइलामै सावधान हुनुपर्दछ। कसैको जत्तिकै उच्च आकांक्षा भए पनि त्यसको प्राप्ति एक एक पाइला सारेर गर्नुपर्दछ। ज्ञानका मार्गका पाइलाहरू हाम्रो दैनिक जीवनमा लिइएको हुनुपर्दछ।

१०. ज्ञानको मार्गमा हाम्रा यस संसारमा बीस कठिनाइहरू हुन्छन् र यी हुन् : १. एक गरीब मानिसलाई उदार हुनु कठिन कुरा हो। २. घमण्डी व्यक्तिका निमित्त ज्ञान सिक्नु कठिन कुरा हो। ३. आत्म बलिदान गरेर ज्ञान प्राप्त गर्न खोज्नु कठिन कुरा हो। ४. बुद्ध यस संसारमा हुनु भएको बेला जन्मन सक्नु दुर्लभ कुरा हो। ५. बुद्धको उपदेश सुन्न पाउनु कठिन कुरा हो। ६. कामवासनाको विरुद्ध मन विशुद्ध राख्नु कठिन कुरा हो। ७. सुन्दर र आकर्षक वस्तुको तृष्णा नहुनु कठिन कुरा हो। ८. बलवान मानिसले आफ्नो तृष्णा तृप्तीको लागि आफ्नो बलको प्रयोग नगर्नु कठिन कुरा हो। ९. कुनै मानिसले आफ्नो अनादर हुँदा पनि नरिसाउनु कठिन कुरा हो। १०. अकस्मात्को परिस्थितिले प्रलोभित गर्दा निर्दोष रहनु कठिन कुरा हो। ११. व्यापक र विस्तृत अध्ययनमा आफूलाई लगाई राख्नु कठिन कुरा हो। १२. सिकारुलाई उपेक्षा नगर्नु कठिन कुरा हो। १३. आफूलाई विनम्र राखीछाड्नु कठिन कुरा हो। १४. असल मित्रहरू पाउनु कठिन कुरा हो। १५. ज्ञान प्राप्तितर्फ लाग्ने आचारप्रति धैर्य हुनु कठिन कुरा हो। १६. बाह्य अवस्था र परिस्थितिबाट विचलित नहुनु कठिन कुरा हो। १७. अरुको क्षमता बुझेर उपदेश दिन सक्नु कठिन कुरा हो। १८. शान्तिपूर्ण मन राख्न सक्नु कठिन कुरा हो।

१९. न्याय र अन्यायका विषयमा तर्कवितर्क नगर्नु कठिन कुरा हो।
२०. असल पद्धति खोज्नु र सिक्नु कठिन कुरा हो।

११. असल मानिस र खराब मानिसहरू परस्परमा उनीहरूको स्वभावमा फरक हुन्छन्। खराब मानिसहरू पाप कार्यलाई पाप भनी मान्दैनन् , यदि उनीहरूको ध्यान पाप कर्मतिर लगियो भने उनीहरूले सो गर्न छाड्दैनन् अनि आफ्ना पाप कार्यप्रति कसैले सचेत गराएको पनि मन पराउँदैनन्। बुद्धिमान मानिसहरू न्याय र अन्यायप्रति सचेत रहन्छन् , उनीहरू कुनै पनि कार्य खराब हो भन्ने थाहा पाउनसाथ गर्न छाड्दछन् , उनीहरू आफूलाई खराब कार्य हो भनी सचेत गराउनेहरूप्रति कृतज्ञ हुन्छन्।

यसरी, असल मानिसहरू र खराब मानिसहरूमा मौलिक अन्तर हुन्छ। खराब मानिसहरू उनीहरूप्रति देखाइएको दयाको कहिल्यै पनि प्रशंसा गर्दैनन् तर बुद्धिमान मानिसहरू प्रशंसा गर्दछन् र कृतज्ञ हुन्छन्। बुद्धिमान मानिसहरू आफूलाई उपकार गर्नेहरूलाई मात्र नभई अन्य सबै व्यक्तिहरूलाई पनि बदलामा आफ्नो दयापूर्ण कार्यद्वारा सराहना र कृतज्ञता व्यक्त गर्दछन्।

## ३

## प्राचीन कथाहरूमा भएका उपदेश

१. कुनै समय आफ्ना बुढाबुढी मानिसहरूलाई टाढा दुर्गम पर्वतमा लगेर परित्याग गरि दिने विचित्रको चलन भएको देश थियो।

त्यस राज्यको एउटा मन्त्रीलाई त्यहाँको चलनअनुसार आफ्नो बृद्ध पितालाई पर्वतमा लगी परित्याग गर्न अत्यन्त कठिन भयो, तसर्थ

उनले जमिनमुनि एउटा गोप्य गुफा बनाएर आफ्ना बाबुलाई त्यही लुकाई हेरविचार गर्नथाले ।

एक दिन त्यस देशको राजा समक्ष एक देवता प्रकट भई राजालाई अकमक्क पार्ने प्रश्न दिएर भने, यदि उनले यस प्रश्नको सन्तोषजनक उत्तर दिन सकेनन् भने उनको देश नाश भएर जानेछ। प्रश्न यसप्रकार थियो : "यहाँ दुई सर्पहरू छन् , यिनमा कुन भाले कुन पोथी हुन्  मलाई बताऊ ।"

न राजा न त दरबारका अन्य कुनै व्यक्तिले त्यस प्रश्नको समाधान खोज्न सके , त्यसैले राजाले राज्यमा भएको कसैले पनि यसको समाधान गरेमा ठूलो पुरस्कार दिने घोषणा गरे ।

मन्त्री आफ्नो बाबु लुकीरहेको ठाउँमा गएर त्यस प्रश्नको समाधान सोधे। बूढाले उत्तर दिए , "यसको सजिलो समाधान छ। ती दुवै सर्पलाई  एक नरम गलैचामा राख ; त्यसमध्ये जुन हिंड्छ त्यो भाले हो र जुन शान्त बसिराख्दछ त्यो पोथी हो ।" मन्त्रीले यो उत्तर राजाकहाँ पुऱ्याए अनि समस्याको सफलतापूर्वक समाधान भयो ।

त्यसपछि देवताले अन्य कठिन प्रश्नहरू गरे जसको उत्तर राजा तथा उनका अनुचरहरूले दिन सकेनन् तर मन्त्रीले भने आफ्नो बूढो पितासँग सल्लाह गरेर ती प्रश्नहरूको सदैव समाधान गर्न सक्दथे ।

यहाँ त्यस्ता केही प्रशन र तिनका उत्तर छन्। "त्यो व्यक्ति को हो जसलाई सुतेको अवस्थामा जाग्रत व्यक्ति तथा जाग्रत अवस्थामा सुतेको व्यक्ति भनिन्छ ?" यसको उत्तर हो : यो त्यो व्यक्ति हो जो ज्ञानको साधना गरिराखेको छ। ती व्यक्ति ज्ञान प्राप्त गर्न इच्छुक नभएका व्यक्तिको तुलनामा जाग्रत हुन्छ , ज्ञान प्राप्त गरिसकेका व्यक्तिको तुलनामा ती व्यक्ति सुतेको हुन्छ।

"तिमीले एक ठूलो हात्ती कसरी तौलन सक्छौ ?" "हात्तीलाई एउटा डुंगामा राख र डुंगा पानीमा जति तल डुब्छ त्यति तल पानी वरिपरि चिन्ह लगाऊ त्यसपछि हात्ती बाहिर निकालेर त्यस डुंगामा त्यसबेलासम्म ढुंगा भर जबसम्म डुंगा पहिले लगाएको चिन्हसम्म डुब्दैन अनि ढुंगालाई तौल।"

यस भनाईको तात्पर्य के हो "एउटा महासागरको पानीभन्दा एक कप पानी बढी हुन्छ ? " यसको उत्तर यसप्रकार छ, "शुद्ध करुणाले भरिएको भावनाले आफ्नो बाबु आमा अथवा कुनै बिरामी व्यक्तिलाई एक कप पानी दियो भने अनन्त पुण्य हुन्छ , तर महासागरको पानी भने कुनै दिन सुकेर जान्छ।"

त्यसपछि देवताले हाड र छाला भइसकेका एक भोकाएका मानिस उत्पत्ति गराई सो व्यक्तिलाई भन्न लगाए, "के म भन्दा अरु कोही व्यक्ति यस संसारमा भोको छ ?" त्यो व्यक्ति जो स्वार्थी र लोभी छ अनि बुद्ध, धर्म र संघको त्रिरत्नमा विश्वास राख्दैन र जो आफ्नो मातापिता एवं गुरुहरूलाई केही अर्पण गर्दैन। ऊ बढी भोको मात्र

नभई ऊ भोका राक्षसहरूको संसारमा खस्न गई सदैव भोकले पिडित हुनेछ ।"

"यहाँ चन्दन काठको एक फल्याक छ , यसको कुन चाहीँ छेऊ रुखको तल्लो भाग हो ?" त्यस फल्याकलाई पानीमा बगाऊ ; जुन छेऊ पानीमा अलिक बढी डुब्छ त्यो छेऊ रुखको तल्लो भागको नजीक हो ।"

"यहाँ एकै  नाप र रुपका दुई घोडा छन् , तिमीले यी मध्ये कुन आमा कुन छोरा भनी कसरी छुट्याउन सक्दछौ ?" "उनीहरूलाई केही पराल खान देऊ, आमाले छोरातिर पारी सारी दिनेछ ।"

यी कठिन प्रश्नहरूको उत्तरले देवतालाई मात्र नभई राजालाई पनि प्रसन्न पाऱ्यो । राजाले गुफामा लुकाइराखेको बूढो व्यक्तिबाट यी उत्तरहरू प्राप्त भएको थाहा पाएपछि कृतज्ञ भई बूढाबूढीलाई पर्वतमा लगेर परित्याग गर्ने नियम फिर्ता लिए र उनीहरूप्रति दयापूर्ण व्यवहार गरियोस् भनी आदेश दिए ।

२. भारतमा विदेह राज्यकी रानीले एकपल्ट छ दन्त भएको श्वेत हात्ती सपनामा देखिन् । रानीले ती दन्तको तीब्र इच्छा गरिन् र राजालाई ती दन्त उनका निमित्त ल्याइदिन आग्रह गरिन् । यद्यपि यो कार्य असंभव जस्तै थियो, तर राजाले रानीलाई असाध्यै प्रेम गर्ने हुँदा, जुन शिकारीले छ दन्ते हात्ती देखेको सूचना ल्याउँछ त्यसलाई पुरस्कार दिने कुरा भने ।

हिमालयको पर्वतमा छ दन्ते हात्ती बुद्धत्व प्राप्तिका निमित्त साधना गरिराखेको थियो । एउटा शिकारी पर्वतको कन्दरामा संकटमा परेको बेला त्यस हात्तीले उसको प्राण बचाइदिएको थियो र शिकारी सुरक्षित आफ्नो देश फर्केको थियो । तर शिकारीले हात्तीद्वरा उसप्रति देखाइएको दया बिर्सेर  एवं ठूलो पुरस्कार पाउने आशामा अन्धो भएर हात्तीलाई मार्न पर्वततर्फ फर्क्यो ।

हात्तीले बुद्धत्व प्राप्तिका निमित्त साधना गरिराखेको छ भन्ने थाहा पाएर शिकारीले भिक्षुको चीवर लगाई आफ्नो कपट रूप धारण गऱ्यो र हात्तीले थाहा नपाउने गरी बिषालु वाणले प्रहार गऱ्यो ।

हात्तीले आफ्नो अन्तिम घडी आइपुगेको अनि शिकारी पुरस्कार पाउने सांसारिक तृष्णाले व्याप्त भएको थाहा पाएर उसमा शिकारीप्रति करणा जागेर आयो । अरु हात्तीहरूको आक्रमणबाट बचाउन उसलाई आफ्नो शरीरमा शरण दिई रक्षा गऱ्यो । त्यसपछि हात्तीले शिकारीलाई किन यस्तो मूर्खतापूर्ण कार्य गरेको भनी प्रश्न गऱ्यो । शिकारीले पुरस्कारको कारणले  छ दन्त पाउने लोभ जागेको बताए । हात्तीले तुरुन्तै एउटा रुखमा बेसरी हिर्काएर हस्ति दन्त फुकाल्यो र शिकारीलाई दिँदै भन्यो : “यो उपहार दिएर मैले बुद्धत्व प्राप्तिको साधना पुरा गरें र अब मेरो पुनर्जन्म सुखावतीमा हुनेछ । जब म बुद्ध हुनेछु ; त्यसबेला म तिमीलाई लोभ, द्वेष र मोहका तीन विषालु वाणहरू परित्याग गर्न सहायता गर्नेछु ।”

३. कुनै समय हिमालय पर्वतको फेदमा भएको जंगलमा एउटा सुगा अन्य धेरै जनावर तथा पंक्षीहरूका साथ बस्दथ्यो। एक दिन ठूलो आँधी आएको बेला बाँसहरूको घर्षणले गर्दा जंगलमा आगो लाग्यो र पशुपंक्षीहरू भयले व्याकुल भए। उनीहरूको त्रास र दुःख देखेर सुगामा करुणा भरिएर आयो। बाँसको झाङमा आफू बस्दा उनीहरूबाट पाएको दयाको प्रत्युत्तर दिन, उनीहरूलाई बचाउन हरसंभव प्रयत्न गऱ्यो। उसले एउटा तलाउमा डुबुल्की मारेर आगोमाथि उडेर आफ्नो शरीरमा भएको पानीको थोपाहरू झारी आगो निभाउने प्रयास गऱ्यो। उसले यो कार्य, जंगलप्रति उसमा भएको कृतज्ञताले गर्दा करुणापूर्वक बडो परिश्रमका साथ दोहऱ्याइराख्यो।

उसको दया र आत्म बलिदानको भावना स्वर्गका एक देवताले देखे अनि आकाशबाट तल ओर्ली सुगालाई भने : "तिम्रो मन एक शूरवीरको जस्तो छ , तर यत्रो ठूलो आगो निभाउन तिम्रो एक दुई थोपा पानीले के गर्न सक्छु भन्ठान्छौ ?" सुगाले उत्तर दियो : "कृतज्ञता र आत्म बलिदानको भावनाबाट उपलब्ध गर्न नसकिने कुनै कुरा छैन। म बारम्बार प्रयत्न गर्नेछु र अर्को जन्ममा पनि गरि नै रहनेछु।" देवता सुगाको उत्साह देखेर प्रभावित भए अनि दुबैले मिलेर आगो निभाए।

४. कुनै समय हिमालयमा एक शरीर तथा दुई टाउको भएको चरा बस्दथ्यो। एकपल्ट एउटा टाउकोले अर्को टाउकोलाई मीठो फल खाइरहेको देख्यो र बडो डाहा गरेर मनमनै भन्यो : "त्यसो भए म विषालु फल खानेछु।" यसरी उसले विष खायो र सम्पूर्ण चरा मऱ्यो।

५.   एकपल्ट एउटा सर्पको शिर र पुच्छरमा कुन चाहीँ अघिल्लो भाग हो भन्ने कुरामा झगडा भयो। पुच्छरले शिरलाई भन्यो : "तिमी सदैव अघिअघि हिँड्छौ, यो कुरा उचित होइन, कहिलेकाही मलाई पनि तिमीले अघिअघि हिँड्न दिनुपर्दछ।" शिरले उत्तर दियो : "म शिर भएको कुरा हाम्रो प्रकृतिको नियम हो, म तिमीसँग आफ्नो ठाउँ साट्न सक्दिन।"

तर झगडा चालु रह्यो र एकदिन पुच्छर एउटा रुखमा बेसरी बेरियो र शिरलाई अगाडि बढ्न दिएन। जब शिर, पुच्छरको जिद्दीले गर्दा यस संघर्षमा थाक्न गयो। फलस्वरूप सर्प अग्निको एउटा खाल्डोमा पर्न गई विनष्ट भयो।

प्रकृतिको संसारमा सदैव एक समुचित व्यवस्था रहन्छ र प्रत्येक वस्तुको आ-आफ्नै कार्य क्षेत्र हुन्छ। जब यो नियम खलबलिन्छ , यो कार्य क्षेत्रमा विघ्न उपस्थित हुन्छ तथा सम्पूर्ण रचनाक्रम  विनष्ट हुन्छ।

६.   कुनै समय एक जना छिटो रिसाउने मानिस थिए। एक दिन दुई व्यक्तिहरू उसको घर अगाडि त्यस व्यक्तिका सम्बन्धमा कुरा गरिराखेका थिए। एकले अर्कोलाई भने : "ऊ एक असल मानिस हो तर ऊ ज्यादै अधैर्य छ ; ऊ रिसाह छ अनि छिटै रिसाउने उसको बानी छ।" त्यस मानिसले यी सबै सुनी तुरुन्तै घर बाहिर निस्की दुबै व्यक्तिहरूमाथि हातखुट्टाले हिर्काई आक्रमण गरेर चोट पुऱ्यायो।

जब कुनै बुद्धिमान मानिसलाई उसका गल्तीहरूका सम्बन्धमा सल्लाह दिइन्छ , उसले तिनमाथि विचार गर्दछ र आफ्नो चालचलन सपार्दछ। जब कुनै मूर्ख व्यक्तिलाई उसको गलत व्यवहारका सम्बन्धमा बताइन्छ , उसले त्यस कुराको बेवास्ता गर्ने मात्र होइन, सोही गल्ती फेरि दोहऱ्याउँछ।

७. कुनै समय एक धनी तर मूर्ख व्यक्ति थियो। जब उसले अर्को व्यक्तिको राम्रो तीनतले घर देख्यो उसले त्यसको डाहा गऱ्यो। अनि आफूलाई पनि ऊ जतिकै धनी ठानेर आफ्नो पनि त्यत्रै घर बनाउने निर्णय गऱ्यो। उसले एउटा सिकर्मी बोलायो र घर बनाउन भन्यो। सिकर्मीले उसको प्रस्ताव स्वीकार गरी तत्कालै जग, पहिलो तल्ला, दोस्रो तल्ला अनि तेस्रो तल्ला बनाउन शुरु गऱ्यो। धनी मानिसले यो देखेर रिसाउँदै भन्यो : "म घरको जग अथवा पहिलो तल्ला अथवा दोस्रो तल्ला चाहन्न ; मलाई त केबल सुन्दर तेस्रो तल्ला चाहिएको छ। यसलाई छिटो बनाऊ।"

मूर्ख मानिस जहिले पनि फललाई विचार गर्दछ , तर फल प्राप्तिका लागि जे प्रयत्न आवश्यक हुन्छ त्यसतर्फ भने ऊ अधैर्य हुन्छ। उचित प्रयत्न विना कुनै पनि असल फल प्राप्त गर्न सकिन्दैन, जस्तो की जग तथा पहिलो र दोस्रो तल्ला नबनीकन तेस्रो तल्ला बन्न सक्दैन।

८. एउटा मूर्ख मानिस एकपल्ट मह उमाल्दै थियो। उसको साथी अकस्मात् आइपुग्यो र मूर्ख व्यक्तिले उसलाई केही मह दिन चाह्यो, तर मह ज्यादै तातो थियो, तसर्थ त्यसलाई आगोबाट नझिकेर नै उसले पंखा हम्केर त्यसलाई सेलाउन खोज्यो। यस्तै प्रकारले सांसारिक रागको आगो नहटाउन्जेलसम्म प्रज्ञाको शीतल मह

पाउन असम्भव हुन्छ।

९. एकपल्ट दुई राक्षसहरू एउटा बाकस, एउटा बेतको छडी र एक जोडा जुत्तालाई लिएर सम्पूर्ण दिन वादविवाद तथा झगडा गरी राखेका थिए। त्यसै बाटोबाट गइरहेको एउटा मानिसले सोध्यो, "तिमीहरू यी वस्तुहरूलाई लिएर किन वादविवाद गरी राखेका छौं ? यी वस्तुहरूमा के त्यस्तो जादू भरिएको तत्व छ जसका लागि तिमीहरू झगडा गरी राखेका छौं" ?

राक्षसहरूले व्याख्या गर्दै भने, बाकसबाट उनीहरूले अन्न, वस्त्र र सम्पत्ति जे इच्छा गर्‍यो पाउन सक्दछन् ; वेतको छडीद्वारा उनीहरूले आफ्ना सबै शत्रुहरूलाई वशमा राख्न सक्दछन् ; र जुत्ताको जोडा लगाएर हावामा उडेर यात्रा गर्न सक्दछन्।

यो सुनेर उक्त मानिसले भन्यो : "किन झगडा गर्छौं ? यदि तिमीहरू केही छिनका लागि यहाँबाट गयौं भने, यी वस्तुहरू कसरी बाँड्ने भन्ने बारेमा म सोच्नेछु।" त्यसपछि ती दुई राक्षसहरू त्यहाँबाट गए , जसै उनीहरू त्यहाँबाट गएका थिए , उक्त मानिसले जुत्ता लगायो अनि वाकस र छडी लिएर हावामा उडेर गयो।

यी "राक्षसहरू" विधर्मी आस्थाका मनुष्यहरूका प्रतीकका रुपमा देखिन्छन्। "एउटा बाकस" भनेको दानमा दिइने उपहारको प्रतीक हो ; मानिसहरू दानबाट पनि विभिन्न प्रकारको धन सम्पत्ति प्राप्त गर्न सकिन्छ भन्ने कुरा बुझ्दैनन्। "वेतको छडी" भनेको मनको एकाग्रताको साधना हो। मानिसहरूले मनको आध्यात्मिक एकाग्रताको

साधनाले सबै सांसारिक तृष्णालाई वशमा गर्न सकिन्छ भन्ने कुरा बुझ्दैनन् । "एक जोडा जुत्ता" भनेको विचार र व्यवहारको त्यो पवित्र शिष्टाचार हो, जसले मानिसहरूलाई सबै प्रकारका तृष्णा तथा वादविवादहरूभन्दा टाढा लग्दछ। यी कुरा थाहा नपाएर उनीहरू एउटा बाकस, एउटा बेतको छडी र एक जोडा जुत्ताका लागि झगडा गर्दछन् ।

१०. एकपल्ट एउटा मानिस एक्लै यात्रा गरिरहेको थियो । साँझपख ऊ एउटा खाली घरको नजिक आइपुग्यो र उसले त्यस रात्री त्यही बास बस्ने निधो गर्यो । मध्य राततिर एउटा राक्षसले एउटा लाश ल्याई भुइँमा राख्यो । त्यसको ठीकपछि अर्को राक्षस आई त्यो लाश उसको हो भनी दावी गर्‍यो र यस विषयमा उनीहरूको झगडा भयो ।

त्यसपछि पहिलो राक्षसले यस विषयमा अरु वादविवाद गर्नु व्यर्थ हो भन्दै कसको अधिकार हुनुपर्दछ भन्ने निर्णय गर्न निर्णायक समक्ष यो विषय पेश गर्ने प्रस्ताव गर्‍यो । अर्को राक्षसले यो प्रस्ताव स्वीकार गर्‍यो । कुनामा तर्सेर बसिरहेको मानिस देखेर उसलाई यस विषयमा निर्णय गर्न अनुरोध गर्‍यो । तर मानिस निकै डराएको थियो, किनभने उसले जस्तोसुकै निर्णय दिए तापनि हार्ने राक्षस ऊसँग रिसाउने छ र प्रतिशोध लिई उसलाई मार्नेछ । तैपनि उसले जे देखेको थियो, साँचो भन्ने निर्णय गर्‍यो ।

उसले अनुमान गरेजस्तै उसको निर्णयले दोस्रो राक्षस ऊसँग रिसायो र राक्षसले मानिसको एउटा हात समातेर चुँडाइदियो, तर पहिलो राक्षसले लाशको हात चुँडाएर बदलामा जोडी दियो । रिसाएको राक्षसले त्यस मानिसको अर्को हात पनि चुँडाइदियो, तर पहिलो

राक्षसले तत्कालै लाशको अर्को हात झिकेर त्यस मानिसको हातको सट्टा जोडी दियो । यो क्रम सो मानिसका दुवै हात, दुवै खुट्टा, शिर र शरीर चुँडाएर तिनका सट्टा क्रमैले लाशका ती अंगहरू नजोडिएसम्म चलिरह्यो । त्यसपछि ती दुई राक्षसहरूले त्यस मानिसका अंगहरू भुँइमा छरिएको देखेपछि त्यो टिपेर खाइदिए र हाँस्दै खुशी मनाउँदै त्यहाँबाट गए ।

त्यो विचरा मानिस जो त्यस सुनसान घरमा बास बसेको थियो, आफ्नो दुर्भाग्यप्रति ज्यादै दुःखित भयो । उसको शरीरका जुन अंग राक्षसहरूले खाएका थिए ती अंग आफ्ना बाबुआमाबाट पाएको थियो तथा जुन अंगहरू अब ऊसँग थियो ती लाशबाट आएका थिए । यस कारण ऊ को थियो त ? सबै कुरा सम्झेर केही बुझ्न नसकी बहुला जस्तो भयो, घर बाहिर निक्लेर भौतारिन थाल्यो । एउटा मन्दिरमा पुगेपछि भित्र गई भिक्षुहरूका समक्ष आफ्ना पीरका कुरा सुनायो । यस कथामा मानिसहरूले आफू भन्ने कुनै कुरा नभएको सत्य अर्थ थाहा पाउन सक्दछन् ।

११. एकपल्ट राम्रो लुगा लगाएकी एक सुन्दरी एउटा घरमा गइन् । घरको मालिकले उनी को हुन् भनी सोध्यो ; उनले भनिन् , उनी सम्पन्नताकी देवी हुन् । घरको मालिक प्रसन्न भई उनको स्वागत राम्ररी गर्‍यो ।

त्यसको एकैछिन पछि नराम्रो लुगा लगाएकी एक कुरूप नारी देखा परिन्। घरको मालिकले उनी को हुन् भनी सोध्यो र ती नारीले उनी विपन्नताकी देवी हुन् भनी बतायो। घरको मालिक डरायो र उनलाई घरबाट धपाउन खोज्यो, तर नारी जान अस्वीकार गर्दै भनिन् : "धनकी देवी मेरी बहिनी हुन्। कहिल्यै पनि हामी छुट्टिएर नबस्ने भनी हाम्राबीच सम्झौता छ ; यदि तिमीले मलाई धपायौ भने उनी पनि मेरासाथ जानेछिन्।" भनेको जस्तै, जसै नराम्री नारी निस्किन् , अर्की नारी पनि लोप भइन्।

जन्म भएपछि मृत्यु हुन्छ। सौभाग्यपछि दुर्भाग्य आउँछ। असल कुरापछि खराब कुरा आउँछ। मानिसले यसलाई स्वीकार गर्नुपर्दछ। मूर्ख मानिसहरू दुर्भाग्यसँग डराउँछन् र सौभाग्य पाउने प्रयत्न गर्दछन् तर जसले ज्ञान प्राप्त गर्न खोज्दछन् , उनीहरू यी दुबै कुराभन्दा माथि उठ्दछन् र सांसारिक आशक्तिबाट मुक्त हुन्छन्।

१२. कुनै समय एउटा गरिब चित्रकार थियो, जसले धन कमाउन आफ्नो घर र पत्नी छाडेर हिँड्यो। तीन वर्षको कठोर संघर्षपछि उसले तीन सय सुनका टुक्रा वचत गर्न सक्यो र घर फर्कने निर्णय गऱ्यो। बाटोमा दानको महान् उत्सव मनाइरहेको एउटा ठूलो मन्दिरमा पुग्यो। ऊ यसबाट ज्यादै प्रभावित भयो अनि मनमनै विचार गऱ्यो : "अहिलेसम्म मैले वर्तमानका सम्बन्धमा मात्र विचार गरी राखे; मैले आफ्नो भविष्यको सुखका सम्बन्धमा कहिल्यै पनि विचार गरिन। मैले यस्तो ठाउँमा आइपुग्नु मेरो सौभाग्य हो ; मैले यसका लाभ उठाई धर्म कार्यको बीज रोप्नु पर्दछ।" यसरी विचार गर्दै, उसले

कृतज्ञता पूर्वक आफ्नो सबै संचित धन मन्दिरलाई दानमा दियो र खाली हात घर फर्क्यो ।

जब ऊ घरमा पुग्यो, उसकी पत्नीले जीविकाका लागि केही पैसा पनि नल्याएकोमा निन्दा गरिन् । गरीब कलाकारले आफूले केही धन आर्जन गरेको तर सो धन कुनै सुरक्षित ठाँउमा राखेको कुरा बतायो । धन लुकाएको ठाउँको बारेमा भन्न पत्नीले जिद्धी गरेपछि , उसले सो धन कुनै एक मन्दिरका भिक्षुहरूलाई दिएको कुरा स्वीकार गऱ्यो ।

यो सुनेर पत्नी रिसाई र आफ्नो पतिलाई गाली गरिन् । अन्तमा यो विषयलाई स्थानीय न्यायाधिशकहाँ लगी । जब न्यायाधिशले पतिलाई आफ्नो कुरा राख्न आदेश दिए, चित्रकारले भन्यो, उसले मूर्खतापूर्ण कार्य गरेको होइन, किनभने उसले धेरै लामो र कठिन संघर्षपछि मात्र त्यो धन कमाउन सकेको थियो र भविष्यमा सौभाग्यको बीजका रूपमा त्यसको उपयोग गर्न चाहन्थ्यो । जब ऊ मन्दिरमा पुग्यो त्यहाँ उसलाई आफ्नो सौभाग्यको बीजका रूपमा आफूसँग भएको सुन रोप्ने उचित स्थान लाग्यो । उसले थप्दै भन्यो : “जब मैले भिक्षुहरूलाई सुन दिएँ , मलाई आफ्ना सबै लोभ र लालच त्याग गरें जस्तो लाग्यो र मैले साँचो धन सुन नभई मन हो भन्ने अनुभव गरे ।”

न्यायधिशले चित्रकारको भावनाको प्रशंसा गऱ्यो एवं जसजसले यो कुरा सुने उनीहरूले उसलाई विभिन्न प्रकारले सहायता गरेर उसको कार्यको समर्थन गरे । यसरी चित्रकार र उसकी पत्नीले स्थायी सौभाग्य प्राप्त गरे ।

१३. एउटा समाधि क्षेत्र नजिकै बस्ने मानिसले एक रात कुनै चिहानबाट कुनै आवाज आएको सुन्यो। ऊ धेरै काँतर भएको हुँदा त्यो कुरा आफै बुझ्न नखोजी भोलिपल्ट एक शूरो साथीलाई त्यो कुरा बतायो। साथीले सो राती कुन चिहानबाट आवाज आएको रहेछ भनी पत्ता लगाउने निश्चय गऱ्यो।

काँतर मानिस डरले काँपिरहेको थियो। उसको साथी समाधिक्षेत्रमा गयो अनि भनेको जस्तै चिहानबाट आवाज आइरहेको पायो। साथीले प्रश्न गऱ्यो, ऊ को हो र उसले के चाहन्छ। त्यस आवाजले चिहानमुनिबाट उत्तर दियो : “म लुकेको सम्पत्ति हुँ र आफूलाई कुनै व्यक्तिलाई सुम्पीदिन  चाहन्छु। मैले हिजो राती एक व्यक्तिलाई यो दिन चाहेँ तर ऊ धेरै काँतर भएकोले आउन सकेन तसर्थ म तिमीलाई दिनेछु किनभने तिमी यो पाउन योग्य छौं। भोलि बिहान म आफ्ना सात अनुयायीहरूसँग तिम्रो घर आउने छु।”

त्यो साथीले भन्यो : “म तिम्रो प्रतीक्षामा रहनेछु ,तर तिम्रो स्वागत कुन प्रकारले गर्ने हो, कृपया मलाई बताउनुहोस्।” त्यो आवाजले उत्तर दियो : “हामीहरू भिक्षुको चीवर लगाएर आउने छौं। हाम्रा लागि पानी भएको एउटा कोठा तयार पारिराख्नु ; स्नान गरी कोठा सफा गर्नु र त्यहाँ हाम्रो लागि बस्ने आसन  तथा आठ कचौरा खीर पनि तयार पारी राख्नु। भोजनपछि , तिमीले हामीलाई एक एक गरी एउटा बन्द कोठामा लैजानु , जहाँ हामी सुनको भाँडोका रूपमा परिणत हुनेछौं।”

अर्को दिन बिहान त्यस मानिसले उसलाई भनिए अनुसार स्नान गरी कोठा सफा पारेर आठ भिक्षुहरूको आगमनको प्रतीक्षामा बस्यो।

उचित समयमा उनीहरु आए अनि उसले उनीहरूलाई बडो बिनम्रका साथ स्वागत गऱ्यो। उनीहरूले भोजन गरी सकेपछि उनीहरूलाई एक एक गरी बन्द कोठामा लग्यो जहाँ प्रत्येक भिक्षु सुनले भरिएको भाँडोका रूपमा परिणत भए।

त्यसै गाउँमा एउटा धेरै लोभी मानिस बस्दथ्यो। सो घटनाबारे सुनेपछि उसले पनि सुनका भाँडा प्राप्त गर्ने इच्छा गऱ्यो। उसले आठ भिक्षुहरूलाई आफ्नो घरमा आमन्त्रित गरी उनीहरूलाई भोजनपछि एउटा बन्द कोठामा लग्यो, तर उनीहरू सुनको भाँडोमा परिणत हुनुको सट्टा उनीहरू रिसाएर कठोर भए अनि लोभी मानिसका सम्बन्धमा पुलिसलाई ऊजूर गरे। पुलिसले उसलाई पक्राउ गऱ्यो।

काँतर पुरुष आफूले सुनेको चिहानको आवाजले शूरो व्यक्तिको घरमा सम्पत्ति ल्याइदिएको थाहा पाएर शूरो व्यक्तिको घरमा गयो। उसले त्यो आवाजले सबभन्दा पहिला उसलाई सम्बोधन गरेकोले त्यो सुन उसको भएको कुरा भन्यो। जसै काँतर व्यक्तिले भाँडा लग्न खोज्यो, तिनमा टाउको ठाडो पारेर उसमाथि आक्रमण गर्न तत्पर धेरै सर्पहरू पाए।

राजाले जब यो कुरा सुने, उनले ती सुनका भाँडाहरू शूरो व्यक्तिका हुन् भन्ने आदेश दिँदै भने : “संसारको चलन नै यस्तै प्रकारको छ। मूर्ख व्यक्तिहरू असल फलप्रति लोभी हुन्छन् तर ज्यादै काँतर हुने हुनाले त्यसका पछि लाग्न सक्दैनन्। तसर्थ निरन्तर असफल हुन्छन्। उनीहरू मनका आन्तरिक संघर्षको सामना गर्ने साहस राख्दैनन्। जसको माध्यमद्वारा मात्र साँचो शान्ति र एकचित्तता

प्राप्त गर्न सकिन्छ ।”

द्वितीय अध्याय

# व्यावहारिक प्राप्तिको मार्ग

## १

## सत्यको अन्वेषण

१. सत्यको अन्वेषणमा केही यस्ता प्रश्नहरू छन् , जो महत्वपूर्ण हुँदैनन् । ब्रह्माण्डको निर्माण कुन बस्तुबाट भएको छ ? के ब्रह्माण्ड अनन्त छ ? ब्रह्माण्डको कुनै सीमा छ अथवा छैन ? मानव समाजको संगठन कुन प्रकारले हुन्छ ? मानव समाजको संगठनको आदर्श रूप के हो ? यदि यी प्रश्नहरूको समाधान नपाउन्जेलसम्म कुनै व्यक्तिले ज्ञान प्राप्तिको अन्वेषण र अभ्यास स्थगित गर्दछ भने मार्ग प्राप्त गर्नु अगाडि नै उसको मृत्यु हुनेछ ।

कल्पना गरौँ, कुनै मानिसलाई विषालु वाणले छेडेको छ र उसका नातागोता तथा मित्रहरूले त्यो वाण झिक्न र घाउ निको पार्न एक शल्य चिकित्सक डाक्न भेला भएका छन् ।

यदि त्यो घाइते व्यक्तिले “एक दिन पर्खनुस् । तपाईले यो वाण निकाल्नु अघि, यो वाण हिर्काउने को हो भनी म थाहा पाउन चाहन्छु । के त्यो पुरुष थियो अथवा स्त्री ? के त्यो कुलघरानको थियो अथवा कुनै किसान ? धनुष केले बनाइएको थियो ? यो वाण ठूलो धनुष अथवा सानो धुनषबाट छाडिएको थियो ? यो काठले अथवा बाँसले बनेको थियो ? धनुषको ताँदो केले बनेको थियो ? यो रेशाले बनेको

थियो कि आन्द्राले ? वाण वेतले बनेको थियो अथवा नरकटले बनेको थियो ? कस्तो प्वाँख जडिएको थियो ? म यी सबै कुरा थाहा पाउन चाहन्छु ।" भन्यो भने, त्यसपछि के हुने छ ?

यी सबै जानकारी प्राप्त गरुन्जेलसम्ममा, निःसन्देह विष शरीर भरी फैलिने छ अनि सो व्यक्तिको मृत्यु हुन सक्नेछ । पहिलो कर्तव्य त वाण झिकी यसको विष फैलिनबाट रोक्नु हो ।

जब रागको अग्निले संसारलाई संकटमा पुऱ्याइराखेको हुन्छ , त्यसबेला ब्रह्माण्डको निर्माण कुन कुन वस्तुले भएको छ भन्ने कुरा व्यर्थ हो , मानव समुदायका लागि कुन आदर्श रूप हो भन्ने कुरा पनि त्यति महत्वपूर्ण होइन ।

ब्रह्माण्ड सीमित छ अथवा अनन्त छ भन्ने प्रश्नको उत्तर ; जन्म, जरा, व्याधि र मरणको अग्नि निभाउने केही उपाय नखोजुन्जेलसम्मका लागि स्थगित रहन सक्दछ ; विलाप, शोक, दुःख र वेदनाका समक्ष कुनै पनि व्यक्तिले सर्वप्रथम ती समस्याको समाधान गर्ने बाटो खोज्नुपर्दछ अनि त्यस मार्गको उपासनामा आफूलाई लगाउनु पर्दछ ।

बुद्धको उपदेशले कुन कुरा महत्वहीन हो भन्ने होइन, कुन कुरा थाहा पाउनु महत्वपूर्ण हो भन्ने शिक्षा दिन्छ । यसको तात्पर्य के हो

भने, यसले मानिसहरूलाई त्यही कुरा सिक्ने शिक्षा दिन्छ जुन उनीहरूलाई सिक्न आवश्यक हुन्छ ; त्यही कुरा परित्याग गर्नु पर्छ जुन परित्याग गर्न आवश्यक हुन्छ ; सही कुराको साधना गर्नुपर्दछ , जसको साधनाले ज्ञान प्राप्त गर्न सकिन्छ ।

तसर्थ, मानिसहरूले प्राथमिक महत्वको वस्तु के हो भन्ने कुरा आफ्नो विवेकले सर्वप्रथम छुट्याउनु पर्दछ । कुन समस्याको समाधान सबभन्दा पहिले गरिनु पर्दछ र तत्कालै समाधान गरिनु पर्ने समस्या छुट्याउनुभन्दा पहिले मनलाई साधनामा ल्याउनु पर्दछ अर्थात् उनीहरूले सर्वप्रथम मनको नियन्त्रण गर्नुपर्दछ ।

२. मानौ, कुनै मानिस रुखको माझमा बढ्ने गुदी झिक्न जंगल जान्छ तर हाँगा र पातहरूको एक भारी बोकेर आफूले खोजेको कुरा प्राप्त गरे भन्ठान्दै फर्कन्छ ; उसले रुखको गुदी लिन गएको सट्टा बोक्रा, जरा अथवा काठ मात्रै ल्याएर ऊ सन्तुष्ट हुन्छ भने के त्यो उसको मूर्खता हुँदैन ? तर कैयन् मनुष्यहरू यसै प्रकारले कार्य गरी राखेका हुन्छन् ।

कुनै पनि मानिस आफूलाई जन्म, जरा, व्याधि र मरणबाट अथवा विलाप, शोक, दुःख र वेदनाबाट टाढा राख्ने मार्ग खोज्दछ ; तर उसले त्यस मार्गको केही अनुशरण गरेपछि आफ्नो केही उन्नती भएको देख्नासाथ ऊ बाटो बिराएर, तत्कालै अहंकारी, स्वाभिमानी तथा अभिमानी हुन्छ । ऊ त्यही व्यक्ति जस्तै हो जसले रुखको गुदी खोज्न गयो तर हाँगा तथा पातहरूको एक भारी पाउनासाथ सन्तुष्ट भयो ।

अर्को व्यक्ति जो अलिक प्रयत्न गरेर केही प्रगति गरेको कारणले सन्तुष्ट भई आफ्नो प्रयत्नमा शिथिलता ल्याउँछ र अहंकारी एवं अभिमानी हुन्छ , ऊ खोज्न गएको गुदीको सट्टा हाँगाहरूको भारी बोकेर ल्याउने जस्तै हुन पुग्दछ ।

झन् अर्को व्यक्ति जसले आफ्नो मन अरु शान्त भएको तथा विचार अरु स्पष्ट भएको पाउँछ , उसले पनि, आफ्ना प्रयत्नमा शिथिलता ल्याएर अहंकार तथा अभिमान गर्दछ भने, उसले खोज्न गएको रुखको गुदीको सट्टा बाकलको भारी बोकेको जस्तो हुन्छ ।

त्यसपछि , कुनै अर्को व्यक्ति जो केही मात्रामा अन्तर्ज्ञानको परिज्ञान प्राप्त गरेको भन्ने ठानी अहंकार तथा अभिमानले भरिन्छ भने , त्यस्तो व्यक्तिले गुदीको सट्टा रुखको काठको केस्रोको भारी बोकेको हुन्छ । ज्ञान प्राप्त गर्न खोज्ने यी सबै व्यक्तिहरू, जो आफ्ना अपूर्ण प्रयत्नहरूबाट छिटै सन्तुष्ट हुन्छन् अनि अहंकारले भरिएर उद्धृत भई आफ्ना प्रयत्नहरूमा शिथिलता ल्याउँछन् ती सबै आलस्यमा पर्दछन् । यस्ता व्यक्तिहरू अपरिहार्य रूपले पुनः दुःख पाउँछन् ।

ती व्यक्तिहरू जसले ज्ञानको सत्य मार्ग खोज्दछन् तिनीहरूले सम्मान, प्रतिष्ठा तथा उपासनाको कुनै पनि प्रस्ताव आशा गर्न हुँदैन । यसका अतिरिक्त उनीहरूले साधारण प्रयत्न मात्र गर्ने उद्देश्य राख्न हुँदैन, न त निर्विकारता, ज्ञान र परिज्ञानको थोरै प्रगतिलाई नै उद्देश्य राख्नु हुन्छ ।

सर्वप्रथम, कसैले पनि जन्म र मरणको यस संसारको मौलिक र तात्विक प्रकृति स्पष्ट रूपले बुझ्नु पर्दछ ।

३. संसारको आफ्नै सारतत्व छैन। यो त केवल हेतु र परिस्थितिहरुको विस्तृत मेल हो जसको उत्पत्ति, केवल एकमात्र मनको क्रियाकलापद्वारा हुन्छ र जो अज्ञान, असत्य कल्पना, तृष्णा र मोहद्वारा उत्तेजित हुन्छ। यो कुनै वाह्य वस्तु होइन जसप्रति मनमा असत्य धारणा होस् , यसको कुनै सारतत्व छैन। यो मनको प्रक्रियाले मात्र प्रकट भएको हुन्छ र यसले आफ्नै मोहको प्रकटीकरण गर्दछ। यसको जग र निर्माण मनको तृष्णामाथि हुन्छ जो स्वयम्‌को लोभ, द्वेष र मोहद्वारा उत्पन्न वेदनाको दुःख र संघर्षको कारणले उत्पन्न हुन्छ। जो व्यक्ति ज्ञान प्राप्तिको लक्ष्य राख्दछन् उनीहरूले यो लक्ष्य प्राप्तिका निमित्त यस्तो मनसँग संघर्ष गर्न तत्पर रहनु पर्दछ।

४. "हे मेरो मन ! तिमी किन जीवनको अनित्य परिस्थितिहरूमाथि यसरी चंचल भई परिभ्रमण गरी राखेका छौ ? तिमीले मलाई किन यस्तो व्याकुल र चंचल पारी राखेका छौ ? यतिका वस्तुहरूको संग्रह गर्न तिमीले मलाई किन प्रेरित गरी राखेका छौं ? तिमी त्यो हलोजस्तै छौ जो जोत्न आरम्भ गर्न अगाडि टुक्रा टुक्रा हुन्छ ; तिमी त्यो जहाजको पतवार जस्तै छौ जो जीवन र मृत्युको समुन्द्रमा प्रवेश गर्ने प्रयत्न गर्नासाथ फुक्लन्छ। कैयन् पुनर्जन्मको के अर्थ हुन्छ यदि हामीले वर्तमान जीवनको सदुपयोग गर्न सकेनौ भने ?"

"हे मेरो मन ! एकपल्ट तिमीले मलाई एक राजाका रूपमा जन्मायौ र त्यसपछि मलाई पतितका रूपमा जन्माएर भोजनको भिक्षा माग्न लगायौ। कहिलेकाही तिमीले मलाई देवताहरूको स्वर्गीय दरबारमा जन्माउँछौ अनि मलाई बिलास र हर्षोन्मादमा जीवन बिताउन दिन्छौ र त्यसपछि मलाई नरकको ज्वालामा खसाली दिन्छौ।"

"हे मेरो मूर्ख, मूर्ख मन ! तिमीले यसरी मलाई विभिन्न मार्गमा लगेका छौ र म तिम्रो आज्ञाकारी रहेको छु र तिम्रो वशमा छु। अब मैले बुद्धको उपदेश सुनेको हुँदा मलाई अरु विचलित नगर न त अरु दुःखमा पार, बरु हामी दुबै मिलेर, विनयशील एवं धैर्यवान भएर ज्ञान प्राप्ति गर्ने प्रयत्न गरौं ।"

"हे मेरो मन ! यदि तिमीले सबै कुरा अप्रयाप्त एवं क्षणभंगुर हो भनी बुझ्न सक्यौ भने ; यदि तिमीले वस्तुहरू प्राप्त गर्न मात्र पछि पछि लाग्नु हुँदैन ; लोभ गर्नु हुँदैन ; लोभ, द्वेष र मूर्खताका समक्ष दब्नु हुँदैन भन्ने बुझ्न सक्यौ भने मात्र पनि ; हामी शान्तिपूर्वक यात्रा गर्न सक्ने छौ। त्यसपछि , प्रज्ञाको तरबारले तृष्णाको बन्धन काटेर लाभदायक अथवा हानिकारक, असल अथवा खराब, लाभ अथवा हानि प्रशंसा अथवा निन्दा सम्बन्धी परिवर्तित परिस्थितिबाट विचलित नभएर, हामी शान्तिपूर्वक बढ्न सक्ने छौं ।"

"हे मेरो प्रिय मन ! तिमी नै हौ जसले सर्वप्रथम हामीमा विश्वास जगाएका थियौ ; तिमीले नै हामीलाई ज्ञान प्राप्त गर्न सल्लाह दिएका थियौ। अब तिमी के कारणले लोभ, आरामकाप्रति प्रेम तथा आनन्ददायक उत्तेजनाका समक्ष यति सरलतासँग दब्न गएका हौ ।"

"हे मेरो मन ! तिमीले किन विना कुनै निश्चित उद्देश्य लिएर यताउति हत्तारिएर हिंडेको ? लौ हामी मोहको यो सागर पार गरौं। अहिलेसम्म मैले तिमीले इच्छा गरेअनुसार गरेको छु , तर अब तिमीले मैले इच्छा गरेअनुसार गर्नुपर्नेछ अनि हामी दुबैले सँगसँगै बुद्धको

उपदेश पालना गर्नेछौं ।"

"हे मेरो प्रिय मन ! यी पर्वतहरू, नदीहरू तथा समुन्द्रहरू परिवर्तनशील छन् र वेदनाको उत्पत्ति गर्दछन् । यस मोहको संसारमा हामीले शान्ति कहाँ खोज्ने हो ? तसर्थ हामी बुद्धको उपदेश पालन गरौं एवं ज्ञानको अर्को किनार पुग्न पारी तरेर जाऊँ । "

५. जसले ज्ञानको मार्ग वास्तवमा खोज्दछन् तिनले मनद्वारा गरिनुपर्ने कुराको आदेश दिन्छन् । त्यसपछि उनीहरू दृढ निश्चयका साथ अघि बढ्दछन् । यद्यपि उनीहरूले कसै कसैबाट अपशब्द सुन्नु परे पनि अथवा अन्य कसैबाट तिरस्कार गरिए पनि उनीहरूले आफ्नो मनलाई विचलित नपारी अगाडि बढीराख्दछन् । उनीहरूलाई कसैले मुड्कीले हिर्काए पनि, पत्थरले हिर्काए पनि अथवा तरबारले ठूलो घाउ पारे पनि रिसाउँदैनन् ।

यदि शत्रुहरूले शरीरबाट शिरलाई काटेर छुट्याई दिए पनि मन विचलित हुनु हुँदैन । यदि उनीहरूले दुःख पाइराखेको कुराबाट आफ्नो मनलाई अन्धकारमय पार्दछन् भने उनीहरूले बुद्धको उपदेश पालना गरी राखेका हुँदैनन् । उनीहरूका प्रति जेसुकै भए तापनि, उनीहरू सदैव करुणा र सदिच्छाको विचारले देदीप्यमान भई दृढ एवं अविचलित रहनुपर्दछ । अरुबाट निन्दा गरिए पनि, दुर्भाग्य आए पनि मनलाई अविचलित तथा शान्त राख्न मानिसले दृढ निश्चय गर्नुपर्दछ र बुद्धको उपदेशले भरिनु पर्दछ ।

ज्ञान प्राप्त गर्नका लागि, असंभव कुरा पुरा गर्न प्रयास गर्नुपर्दछ अनि असहनीय कुरा सहनु पर्नेछ । उसँग भएको कुरा अन्तिम

शेषसम्म दिनुपर्नेछ। ज्ञान प्राप्त गर्न उसले दिनमा एक गेडा मात्र चामल खानुपर्छ भनी उसलाई भनियो भने, उसले त्यति मात्र खानुपर्दछ। यदि ज्ञानको मार्गमा पुग्न आगोको मार्ग भएर जानु पर्दछ भने पनि ऊ अगाडि बढ्ने छ।

तर अप्रत्यक्ष उद्देश्यका लागि यी कुराहरू गरिनु हुँदैन। यी कार्यहरू बुद्धिमत्तापूर्ण तथा सही कुराहरू हुन् भनी कार्य गर्नुपर्दछ। कसैले पनि यी कार्यहरू करुणाको भावनाले प्रेरित भएर गर्नुपर्दछ , जसरी कुनै आमाले आफ्नो सानो बालकका निमित्त, आफ्नो बिरामी बालकका निमित्त गर्छिन्। यसो गर्दा उनले आफ्नो क्षमता अथवा आरामको कुनै वास्ता गर्दिनन्।

६. कुनै समय एउटा राजा थिए जो आफ्नो प्रजा र देशलाई प्रेम गर्दथे तथा उनीहरूमाथि बुद्धि एवं दयापूर्वक शासन गर्दथे। यसै कारणले गर्दा उनको देश समृद्ध तथा शान्तिपूर्ण थियो। उनी सदैव झन् बढी प्रज्ञा अनि ज्ञानको खोजी गर्दथे ; उनले त्यस्तो व्यक्तिलाई पुरस्कार पनि दिन्थे जसले योग्य उपदेशकहरूकहाँ पुऱ्याउँथ्यो।

उनको उपासना तथा प्रज्ञाप्रति अन्ततोगत्वा देवताहरूको ध्यान गयो , तर उनीहरूले उनको जाँच गर्ने निर्णय गरे। एउटा देवता राक्षसको भेष लिएर राजाको दरबारको ढोकामा पुगे। उनले एक पवित्र उपदेश दिनु छ भनी राजा समक्ष उनलाई लगियोस भनी आग्रह गरे।

यो सुनेर राजा अत्यन्तै प्रसन्न भई विनम्रतापूर्वक स्वागत गरे अनि उपदेश दिन भनी आग्रह गरे। राक्षसले भयंकर रूप धारण गऱ्यो अनि आफूलाई मन परेको खाना नखाउन्जेलसम्म उपदेश दिन नसक्ने कुरा बतायो। राक्षसका समक्ष मिठा मिठा भोजन राखियो तर उसले मनुष्यको ताजा मासु र रगत खाने हठ गऱ्यो। युवराजले आफ्नो शरीर राक्षसलाई दिए र रानीले पनि आफ्नो शरीर दिइन, तैपनि राक्षस तृप्त भएन, उसले राजाको शरीर माग गऱ्यो।

राजाले आफ्नो शरीर दिन तयार भएको विचार व्यक्त गरे तर आफ्नो शरीर दिनभन्दा अगाडि उपदेश सुनाउन आग्रह गऱ्यो।

तत्कालै देवताले यो बुद्धिमत्तापूर्ण उपदेश दिए : "विलापको उत्पत्ति लालसाबाट हुन्छ र त्राशको उत्पत्ति लालसाबाट हुन्छ। जसले आफ्नो लालसाको परित्याग गर्दछन् , उनीहरूले न त विलाप गर्नुपर्दछ न त त्राशमा नै पर्नुपर्दछ।" तत्कालै देवताले आफ्नो रूप धारण गरे तथा राजकुमार र रानी पनि उनीहरूको आफ्नो रूपमा प्रकट भए।

७. कुनै समय सत्यमार्गको खोजीमा लागेका एक तपस्वी हिमालयमा बस्दथे। उनी पृथ्वीको सबै सम्पत्ति तथा स्वर्गको सबै आनन्दको समेत वास्ता गर्दैनथे तर उनी सबै मानासिक मोहहरू हटाउन सक्ने उपदेशको खोजीमा थिए।

ती तपस्वीको एकाग्रता तथा निष्कपटता देखेर देवताहरू बडो प्रभावित भए तथा उनको मन जाँच्ने निर्णय गरे। तसर्थ, देवतामध्ये एक देवताले राक्षसको भेष धारण गरेर हिमालयमा यसरी गाउँदै प्रकट

भए : "प्रत्येक वस्तुको परिवर्तन हुन्छ , प्रत्येक वस्तु प्रकट हुन्छ र प्रत्येक वस्तुको लोप हुन्छ ।"

ज्ञानको खोजी गर्नेले यो गीत सुने जसले उनलाई निकै आनन्दित पा¥यो । उनी प्यास मेटाउन शीतल जलको स्रोत पाउँदा आनन्दित भएझैँ अथवा एउटा कमारो आफ्नो बन्धनबाट अकस्मात् मुक्त हुँदा आनन्दित भएझैँ साह्रै आनन्दित भए । उनले आफैसँग भने, "अन्त्यमा मैले त्यो उपदेश पाएँ ,जसको खोजीमा म यतिको समयदेखि लागिराखेको थिएँ ।" उनी त्यस आवाजको पछि पछि लागे र अन्त्यमा त्यो डरलाग्दो राक्षसनिर आइपुगे । चिन्ताकूल मनले उनी राक्षसतिर गएर भने : "के मैले भर्खरै सुनेको पवित्र गीत तिमीले नै गाएका हौ ? यदि तिमीले नै हो भने अरु बढी गाऊ ।"

राक्षले उत्तर दियो : "हो, त्यो गीत मैले नै गाएको हुँ , तर म ज्यादै भोकाएको हुँदा केही खान नपाई अरु गाउन सक्दिन ।"

ती तपस्वीले उसलाई अरु गाउन बडो उत्सुकतापूर्वक आग्रह गर्दै भने : "त्यो गीतको मेरा निमित्त बडो पवित्र अर्थ छ र मैले यसको उपदेश धेरै कालदेखि खोजिराखेको थिएँ । मैले यसको अंशमात्र सुन्न पाएँ , कृपा गरी यसको अरु अंश पनि मलाई सुनाइदिनुहोस् ।"

राक्षसले फेरि भन्यो : "म ज्यादै भोकाएको छु तर यदि मैले कुनै मानिसको तातो मासु र रगत खान पाएँ भने पूरा गीत सुनाउने छु ।"

ती तपस्वीले उपदेश सुन्ने उत्सुकतामा उपदेश सुनी सकेपछि उनको शरीर खाए हुन्छ भनी वचन दिए । त्यसपछि राक्षसले पूरा गीत गायो ।

प्रत्येक वस्तुको परिवर्तन हुन्छ ,
प्रत्येक वस्तु प्रकट हुन्छ र लोप हुन्छ ,
त्यहाँ पूर्ण शान्ति हुन्छ
जहाँ मानिस जीवन र निर्वाणभन्दा माथि उठ्दछ ।

यो सुनेर त्यस तपस्वीले सो गीत वरिपरिका चट्टान तथा रुखहरूमा लेखेर, विस्तारै एउटा रुखमाथि चढ्यो अनि त्यहाँबाट तल राक्षसको खुट्टामा झोम्मियो, तर राक्षस त्यहाँबाट बिलाइसकेको थियो । उसको ठाउँमा एउटा देदीप्यमान देवताले उनलाई कुनै हानि हुन नदिई आफ्नो हातमा थापे ।

८. कुनै समय सदाप्ररुदित नाम गरेका सत्यमार्गको खोजीमा लागेका एक व्यग्र साधक थिए । ऊ आफ्नो जीवनलाई संकटमा पारेर पनि लाभ र सम्मानको प्रलोभनलाई परित्याग गरी सत्यमार्ग प्राप्त गर्न खोज्दथ्यो । एक दिन स्वर्गबाट एक आवाजले उसलाई भन्यो : "सदाप्ररुदित ! तिमी सोझै पूर्वतिर जाऊ । गर्मी र जाडोको बारेमा विचार नगर, सांसारिक प्रशंसा तथा भर्त्सनाप्रति कुनै ध्यान नदेऊ, असल अथवा खराबको विभेदमा नफस, केवल पूर्वको बाटो लागि राख । सुदूर पूर्वमा तिमीले एक सच्चा उपदेशक भेट्ने छौ अनि ज्ञान प्राप्त गर्ने छौ ।"

यो निश्चित निर्देशन पाएर सदाप्ररुदित ज्यादै प्रसन्न भए अनि तत्कालै पूर्वतर्फको यात्रा आरम्भ गरे । कहिले काहीँ जब रात पर्दथ्यो उनी कुनै निर्जन चौर अथवा अनकण्टार पर्वतमा बास बस्दथे ।

विरानो भूमिमा विदेशी भएको हुँदा उनले धेरै अपमान सहनु पर्‍यो, एकपल्ट उनले आफूलाई कमाराका रूपमा विक्री गरे तथा भोकले गर्दा आफ्नै मासुसम्म बेचे तर अन्त्यमा उनले सच्चा उपदेशक भेट्टाए अनि उपदेशको लागि आग्रह गरे ।

एउटा भनाइ छ, “असल वस्तुहरू महंगा हुन्छन्”, र सदाप्ररुदितले आफ्नो सम्बन्धमा यो कुरा सत्य पाए , किनभने उनले सत्मार्गको खोजीमा धेरै कठिनाइ भोग्नुपर्‍यो। उनीसँग उपदेशकलाई चढाउने फूल अथवा धूप किन्न कुनै पैसा थिएन। उनले अरुको काम गर्ने प्रयत्न गरे तर उनलाई काममा लगाउने कोही पाएनन्। कुनै दुष्टात्माले जतातिर फर्के पनि बाधा पुर्‍याइरहे जस्तो थियो। ज्ञान प्राप्तिको मार्ग ज्यादै कठिन छ , यसका निमित्त मानिसको पूरै जीवन खर्च हुन सक्दछ।

अन्ततोगत्वा, सदाप्ररुदित उपदेशकका समक्ष स्वयम् पुगे तैपनि उनका सामु एक नयाँ संकट आइपर्‍यो। उपदेशकको उपदेश टिप्न उनीसँग कागज थिएन, न त लेख्ने ब्रस न त मसी नै थियो। अनि उनले आफ्नो नाडीमा प्वाल पारे तथा आफ्नो रगतले उपदेश टिपे। यसरी उनले बहुमूल्य सत्य प्राप्त गरे।

९. कुनै समय सुधन नाम गरेको एउटा केटा थियो जसले ज्ञान प्राप्त गर्ने इच्छा गर्‍यो अनि एकाग्रतापूर्वक सत्मार्गको खोजी गर्‍यो। माझीबाट उसले समुन्द्र सम्बन्धी विधा सिक्यो। चिकित्सकबाट बिरामी मानिसहरूको दुःखप्रति करुणा हुनुपर्ने कुरा सिक्यो। धनीमानिसबाट एकएक पैसा बचाउनु नै उसको भाग्यको रहस्य भएको कुरा सिक्यो।

अनि उसले ज्ञानको मार्गमा प्रत्येक सानातिना उपलब्धिहरूको संरक्षण गर्नु कति आवश्यक हो भन्ने कुरा विचार गऱ्यो ।

ध्यानमग्न एउटा भिक्षुबाट उसले विशुद्ध र शान्तिपूर्ण मनले अन्य मनहरूलाई शुद्ध र शान्त गर्न सक्ने अलौकिक शक्ति भएको कुरा थाहा पायो। एकपल्ट उसले असाधारण व्यक्तित्व भएकी महिला भेट्यो । उनको दानशील भावनाबाट प्रभावित भयो अनि उनीबाट दान नै प्रज्ञाको फल हो भन्ने कुरा सिक्यो। एकपल्ट उसले घुमन्ते बूढो भेट्यो जसले उसलाई कुनै ठाउँमा पुग्न तरबारहरूको पर्वत चढ्न पर्ने एवं अग्निको उपत्यकाबाट हिड्नुपर्ने कुरा बतायो। यसरी सुधनले आफ्नो अनुभवबाट कसैले पनि देख्ने अथवा सुन्ने कुरामा सत्य उपदेश हुन्छ भन्ने तथ्य थाहा पाए ।

एक शारीरिक रूपबाट अपूर्ण तथा गरिब नारीबाट उसले धैर्यको शिक्षा पायो, सडकमा खेलिराखेका केटाकेटीहरू देखेर उसले सरल आनन्दको कुरा सिक्यो। अरुले चाहना गर्ने कुरा पनि चाहना नराख्ने केही भद्र तथा विनम्र मानिसहरूबाट सम्पूर्ण संसारसँग कसरी शान्तिसँग बस्ने भन्ने रहस्य सिक्यो ।

धूपको तत्वहरूको मिश्रण हेरेर उसले एकताको पाठ सिक्यो अनि फूलहरूको रचनाबाट कृतज्ञता दर्शनको पाठ सिक्यो। एकदिन जंगलको बाटो जाँदा एउटा ठूलो रुखमुनी थकाइ मार्न बस्यो र नजिकै एउटा सडेको रुखमा बीज पुनः उम्री राखेको देख्दा उसले जीवनको अनिश्चितताको पाठ सिक्यो ।

दिनमा सूर्यको ज्योति अनि रातमा चम्कने ताराहरू उसको भावनालाई निरन्तर ताजा बनाई राख्दथे। त्यसरी सुधनले आफ्नो लामो यात्राको अनुभवबाट लाभ उठायो।

वास्तवमा, जो ज्ञान प्राप्त गर्न चाहन्छन् उनीहरूले आफ्नो मनलाई किल्लाका रूपमा विचार गर्नुपर्दछ र तिनलाई सुसज्जित गर्नुपर्दछ। उनीहरूले किल्लारूपी आफ्नो मनको ढोका बुद्धका निमित्त सम्पूर्ण रूपले खुला राख्नुपर्दछ , एवं उनलाई सम्मान तथा विनम्रतापूर्वक भित्रसम्म आउन आमन्त्रित गर्नुपर्दछ। त्यहाँ उनलाई विश्वासको सुगन्धित धूप तथा कृतज्ञता एवं हर्षको पुष्प चढाउनु पर्दछ।

# २

# अभ्यासका मार्गहरू

१. ती व्यक्तिहरू जो ज्ञानको खोजी गरिराखेका छन् तिनका निमित्त बुझ्नै पर्ने अनि पालन गर्नैपर्ने अभ्यासका तीन मार्गहरू छन् : पहिलो, व्यावहारिक आचारको शील ; दोस्रो, सम्यक् समाधि र तेस्रो, प्रज्ञा।

शीलहरू के हुन् ? प्रत्येक व्यक्ति, चाहे त्यो साधारण मनुष्य होस् अथवा मार्गको खोजी गर्ने व्यक्ति होस् , उसले सदाचारका नियमहरू पालन गर्नुपर्दछ। आफ्नो मन र शरीर दुवैलाई नियन्त्रणमा राख्नुपर्दछ र आफ्ना पाँचै इन्द्रियका ढोकाहरूको रक्षा गर्नुपर्दछ। उसले सानोतिनो पापसँग पनि डराउनु पर्दछ र प्रत्येक क्षण उसले असल कार्यहरू मात्र अभ्यास गर्ने प्रयत्न गर्नुपर्दछ।

समाधि भनेको के हो ? यसको अर्थ लोभी र दुष्ट तृष्णाहरू उठ्नासाथ तिनबाट यथाशीघ्र टाढा हुनु एवं मनलाई पवित्र र शान्त राख्नु हो ।

प्रज्ञा के हो ? चार आर्य सत्यहरूलाई पूर्णरूपले बुझ्नु तथा धैर्यपूर्वक स्वीकार गर्नु प्रज्ञा हो । दुःखको सत्य र त्यसको प्रकृति बुझ्नु , दुःखको कारण थाहा पाउनु , दुःख निरोधको सत्य थाहा पाउनु र दुःख निरोधको मार्ग देखाउने आर्य मार्गको सत्य थाहा पाउनु ।

जुन व्यक्तिहरू यी तीन सदाचार मार्ग एकाग्रचित्तले पालन गर्दछन् तिनलाई बुद्धका शिष्य भन्न सकिन्छ ।

मानौँ एउटा गधा, जसको गाईको जस्तो न त राम्रो रूप छ, न आवाज छ , न त सिङ नै छ , ऊ गाईको बथान पछिपछि हिँड्दै ठूला स्वरमा यो भन्दै गरेको होस् "हेर, म पनि गाई हुँ ।"के कसैले उसलाई विश्वास गर्न सक्दछ ? ठीक त्यस्तै प्रकारले कुनै पनि व्यक्ति जसले अभ्यासका यी तीन मार्गहरू पालन गर्दैन, त्यसले म सत्मार्गको खोजी गर्ने हुँ अथवा म बुद्धको शिष्य हुँ भनी गर्व गर्नु मूर्खतापूर्ण कुरा हो ।

कुनै पनि किसानले हेमन्त ॠतुमा बाली संग्रह गर्नु भन्दा अघि उसले सबभन्दा पहिले खेत खन्नु पर्दछ ,बिऊ छर्नुपर्दछ ,पानी पटाउनु पर्दछ र वसन्तमा खेतमा उम्रेका झारपात टिपेर फाल्नु पर्दछ । ठीक त्यसै प्रकारले ज्ञान प्राप्त गर्न खोज्ने व्यक्तिले अभ्यासका तीन सदाचार पालन  गर्नै पर्दछ । कुनै पनि किसान आज कोपिला, भोलि विरुवा, पर्सी

बाली संग्रह गर्ने कुराका आशा गर्न सक्दैन । त्यस्तै प्रकारले ज्ञान प्राप्त गर्न खोज्नेले आज सांसारिक तृष्णा परित्याग गरेर, भोलि आशक्ति तथा पापपूर्ण तृष्णाहरू परित्याग गरेर एवं पर्सीपल्ट ज्ञान प्राप्त गर्ने आशा गर्न सक्दैन ।

जसरी किसानले बिउ छरेपछि उम्रेको विरुवाको मौसम परिवर्तनको समयमा र फल लाग्ने समयमा विरुवालाई धैर्यपूर्वक स्याहार गर्नुपर्दछ , त्यसैगरी ज्ञान प्राप्ति गर्न खोज्ने व्यक्तिले अभ्यासका तीन मार्ग पालन गरेर ज्ञानको बाटोलाई धैर्यपूर्वक एवं अनवरत प्रयास गरेर जोत्नु पर्दछ ।

२. ज्ञानको मार्गमा अघि बढ्न त्यसबेलासम्म कठिन हुन्छ जबसम्म कुनै पनि व्यक्ति आनन्द तथा विलासका प्रति लोलुप रहन्छ एवं उसको मनलाई इन्द्रियहरूका तृष्णाहरूले विचलित पारिराख्दछन् । जीवनको आनन्द र सत्मार्गको आनन्दमा एक ठूलो अन्तर छ ।

जस्तो व्याख्या गरिसकिएको छ , मन नै सबै कुराको स्रोत हो । यदि मनले सांसारिक विषयहरूमा आनन्द मनाउँछ भने मोह र दुःख अवश्यंभावी रूपले पछिपछि आउँछन् तर यदि मनले सत्मार्गको आनन्द मनायो भने सुख, सन्तोष र ज्ञान निश्चय पनि पछि पछि आउँछ ।

तसर्थ, जसले ज्ञान प्राप्त गर्न खोज्दछन् , उनीहरूले आफ्नो मनलाई विशुद्ध राख्नुपर्दछ एवं तीन मार्गहरूको अभ्यास धैर्यपूवर्क

गरी राख्नु पर्दछ। यदि उनीहरूले यी नियमहरू पालन गरे भने उनीहरूले मनको एकाग्रता स्वाभाविक रूपले पाउन सक्दछन् र यदि उनीहरूले मनको एकाग्रता प्राप्त गरे भने प्रज्ञा प्राप्त गर्नु त्यतिकै स्वाभाविक हुन्छ तथा प्रज्ञाले उनीहरूलाई ज्ञानको मार्गतर्फ लग्ने छ।

वास्तवमा, यी तीन मार्गहरू (शील पालन गर्ने, मनको एकाग्रताको साधना गर्ने र सदैव प्रज्ञापूर्वक कार्य गर्ने) ज्ञान प्राप्तिका निमित्त सच्चा मार्ग हुन्।

यी तीन मार्गहरूको पालन नगरेर नै मानिसहरूले धेरै कालदेखि मानसिक मोहको संग्रह गरिराखेका छन्। उनीहरूले सांसारिक व्यक्तिहरूसँग वादविवाद गर्न हुँदैन तर ज्ञान प्राप्त गर्नका निमित्त विशुद्ध मनको आन्तरिक हृदयमा धैर्यपूर्वक ध्यान गर्नुपर्दछ।

३. यदि अभ्यासका तीन मार्गको विश्लेषण गरियो भने, तिनले आर्य-अष्टाङ्गिक मार्ग, विचार गरिनुपर्ने चार दृष्टिकोण, चार सत्य कार्यपद्धति, प्रयोग गरिनुपर्ने पाँच आध्यात्मिक शक्तिहरूका क्षमता र छ अभ्यासहरूको आदर्श प्रकट गर्नेछन्।

आर्य-अष्टाङ्गिक मार्ग भन्नाले सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् जीविका, सम्यक् प्रयत्न, सम्यक् स्मृति र सम्यक् समाधि हुन्।

सम्यक् दृष्टि भन्नाले चार आर्य सत्यलाई स्पष्ट रूपले बुझ्नु हो, हेतु र फलको नियममा विश्वास गर्दै रूप एवं तृष्णाको धोकामा नपर्नु हो।

सम्यक् संकल्प भनेको तृष्णाको आकांक्षा नराख्ने, लोभी नहुने, नरिसाउने तथा कुनै हानिकारक कार्य नगर्ने अठोट हो ।

सम्यक् वचन भनेको झुट शब्दहरूको, व्यर्थका शब्दहरूको, अपमानजनक शब्दहरूको एवं दुई जिब्रे शब्दहरूको परित्याग गर्नु हो ।

सम्यक् कर्म भनेको कुनै जीव हत्या नगर्नु, चोरी नगर्नु र व्यभिचार नगर्नु हो ।

सम्यक् जीविका भनेको जीवनमा कलंकित हुने कार्यको परित्याग गर्नु हो ।

सम्यक् प्रयत्न भनेको सही दिशातर्फ अत्यन्त परिश्रमपूर्वक प्रयत्न गर्नु हो ।

सम्यक् स्मृति भनेको विशुद्ध र विवेकी मन कायम गर्नु हो ।

सम्यक् समाधि भनेको मनलाई एकाग्रताका निमित्त विशुद्ध र शान्त राखी मनको सारतत्व प्राप्त गर्नु हो ।

४. विचार गरिनु पर्ने चार दृष्टिकोणहरू यसप्रकार छन् : पहिलो, शरीरलाई अपवित्र भन्ने विचार गरी यसका प्रति भएका सबै आशक्तिहरूको परित्याग गर्नु । दोस्रो, इन्द्रियहरूमा जस्तोसुकै वेदना र

आनन्दको अनुभूति भए तापनि तिनीहरू दुःखका स्रोतहरू हुन भनी मान्नु । तेस्रो, मनलाई निरन्तर परिवर्तनको अवस्थामा रहेको भन्ठान्नु । चौथो, संसारमा सबै कुरा हेतु र परिस्थितिहरूका परिणाम हुन् एवं कुनै पनि कुरा परिवर्तन नभई रहन सक्दैन भन्ने ठान्नु ।

५. चार सत्य कार्यपद्धतिहरू यसप्रकार छन् : पहिलो, पापको प्रारम्भ हुनुभन्दा अघि यसलाई रोक्नु । दोस्रो, सबै पापको प्रारम्भ हुनासाथ त्यसको परित्याग गर्नु । तेस्रो, असल कार्य गर्न उत्प्रेरित गर्नु । चौथो, प्रारम्भ भइसकेको असल कार्यको विस्तार गर्ने एवं चालु राख्ने कुरालाई प्रोत्साहित गर्नु । प्रत्येक व्यक्तिले यी चार कार्यपद्धतिको प्रयत्न गर्नुपर्दछ ।

६. पाँच आध्यात्मिक शक्तिहरूका क्षमता भनेका यी हुन् : पहिलो, विश्वासमा आस्था ;दोस्रो, प्रयत्न गर्ने संकल्प ;तेस्रो, विश्वसनीय स्मरण शक्तिको क्षमता ; चौथो, मनको एकाग्रताको सामर्थ्य र पाँचौं, स्पष्ट प्रज्ञा राख्ने क्षमता । ज्ञान प्राप्तिका निमित्त यी पाँचै क्षमता आवश्यक शक्ति हुन् ।

७. ज्ञानको अर्को किनारामा पुऱ्याउने छ अभ्यासका आदर्शहरू यस प्रकार छन् : दानको मार्ग, शीलको मार्ग, सहनशीलताको मार्ग, प्रयत्नको मार्ग, समाधिको मार्ग तथा प्रज्ञाको मार्ग । यी मार्गको

अनुसरण गरेर कुनै पनि व्यक्तिले निश्चय नै मोहको किनार पारी तरी ज्ञानको किनारामा पुग्न सक्दछ ।

दानको आचारले स्वार्थबाट मुक्त गराउँछ ; शीलको आचारले व्यक्तिलाई अरु व्यक्तिको अधिकार तथा सुख सुविधाप्रति ध्यान दिने बनाउँछ ; सहनशीलताको आचारले त्रस्त र क्रोधित मनलाई नियन्त्रण गर्न मद्दत गर्छ ; प्रयत्नको आचारले कसैलाई परिश्रमी र विश्वासी हुन मद्दत गर्छ ; प्रज्ञाको आचारले अन्धकारमय तथा भ्रमित मनलाई स्पष्ट तथा परिज्ञानको मर्म बुझ्नेमा परिणत गरिदिन्छ ।

दान र शील भनेको एक ठूलो किल्ला बनाउन आवश्यक जग जस्तै हुन् । सहनशीलता र प्रयत्न भनेको त्यस किल्लाका पर्खाल जस्तै हुन् जसले बाह्य शत्रुहरूबाट रक्षा गर्दछन् । समाधि तथा प्रज्ञा भनेका ती व्यक्तिगत कवच हुन् जसले जीवन र मरणको आक्रमणबाट रक्षा गर्दछन् ।

यदि कसैले सुविधा भएको बेलामा मात्र दान दिन्छ , अथवा दान नदिनुभन्दा दान दिनु सजिलो हो भनी दान दिन्छ भने, त्यो दान त हो तर सच्चा दान भने होइन । सच्चा दान भनेको त्यो दान हो जो कुनै याचना हुनुभन्दा पहिला नै सहानुभूतिपूर्ण हृदयद्वारा खुला रुपले दिइन्छ , एवं सच्चा दान कहिले काहीँ मात्र नभई निरन्तर दिइन्छ ।

त्यो पनि सत्य दान होइन जो दान दिइएपछि पश्चाताप अथवा आत्म-प्रशंसाको भावना जाग्दछ , सच्चा दान त आनन्दसाथ दिइन्छ ;

जसमा दाताले दान गर्ने आफैलाई मात्र नभई दान पाउने व्यक्ति एवं दान समेतलाई बिर्सिन्छ।

सच्चा दान करुणापूर्ण पवित्र हृदयबाट स्वेच्छापूर्वक उत्पन्न हुन्छ र यसले कुनै प्रतिफलको आशा गर्दैन, केवल ज्ञानको जीवनमा सँगसँगै प्रवेश गरुँ भन्ने इच्छा राख्दछ।

धनी नभएका मानिसहरूले पनि गर्न सकिने सात प्रकारका दानहरू छन्। पहिलो शरीरद्वारा गरिने दान हो। यो कसैको श्रमद्वारा गरिने दान हो। तलको कथामा जस्तै यस दानको सर्वोत्कृष्ट दान भनेको आफ्नो जीवनको दान दिनु हो। दोस्रो आध्यात्मिक दान हो। यसमा अरुलाई करुणामय हृदय दान गरिन्छ। तेस्रो भनेको आँखा दान गर्नु हो। यो दानमा अरुलाई न्यानो नजरले हेरिने छ जसले उनीहरूलाई शान्ति प्रदान गर्दछ। चौथो भनेको अनुहारको दान हो। यसमा अरुलाई मुस्कान सहितको कोमल अनुहार दान गरिन्छ। पाँचौ भनेको वाणीको दान हो। यसमा अरुलाई दयालु र न्यानो शब्दहरू दान गरिन्छ। छैटौ भनेको आसनको दान हो। यसमा आफ्नो आसन अरुलाई दान गरिन्छ। सातौँ भनेको आश्रयको दान हो। यसमा अरुलाई घरमा बास बस्न दिइने छ। यस्ता प्रकारका दानहरू जो कसैले पनि दैनिक जीवनमा गर्न सकिन्छ।

८. कुनै समय सत्व नाम गरेका एक राजकुमार थिए। एक दिन उनी र उनका दुई दाजुहरू जंगलमा खेल्न गए। त्यहाँ उनीहरूले एउटा अत्यन्तै भोकाएको बघिनी देखे, जो आफ्नो भोक मेट्न भर्खरै जन्मेका आफ्नै सात डमरुहरू निल्न चाहन्थी।

दाजुहरू डरले त्यहाँबाट भागे तर सत्वले साना डमरुहरूको प्राण बचाउन एक चट्टानमा चढी त्यहाँबाट आफूलाई बघिनीतर्फ फ्याँके।

राजकुमार सत्वले यो दानशील कार्य स्वेच्छापूर्वक गरे तर उनको मनमा उनी विचार गरी राखेका थिए : "यो शरीर परिवर्तनशील र क्षणभङ्गुर छ ; मैले यो शरीरलाई फ्याँक्ने विचारले माया गरेको होइन, तर मैले अहिले बघिनीका समक्ष गर्न लागेको दान मैले ज्ञान प्राप्त गरुँ भनेर हो।" राजकुमार सत्वको मनमा उठेको यो विचार ज्ञान प्राप्त गर्नको लागि गरिएको सच्चा अठोटलाई देखाउँछ।

९. ज्ञान प्राप्ति गर्न खोज्नेले चार असीमित मनस्थितिको उपासना गर्नु पर्दछ। ती हुन् करुणा, कोमलता, संतोष र समभाव। कसैले पनि करुणाको उपासना गरेर लोभको परित्याग गर्न सक्दछ ; कोमलताले क्रोध हटाउन सक्दछ ; सन्तोषले दुःख हटाउन सक्दछ ; समभावले मनको उपासना गरेर शत्रु र मित्रमा भेद गर्ने स्वभाव हटाउन सक्दछ।

ठूलो करुणाले मानिसहरूलाई सुखी र सन्तुष्ट बनाउँदछ ; मानिसहरूलाई सुखी र सन्तुष्ट नराख्ने प्रत्येक कुराहरू ठूलो कोमलता

ले हटाउँदछ ; सबैलाई आनन्दको मनले सुखी र सन्तुष्ट देख्नु ठूलो सन्तोषको कुरा हो ; सबै व्यक्ति जब सुखी र सन्तुष्ट हुन्छ त्यसबेला ठूलो शान्ति हुन्छ र त्यसबेला सबैमा प्रत्येक व्यक्तिकाप्रति समभावना हुन्छ ।

कुनै पनि व्यक्तिले सावधानीपूर्वक यी चार असीमित मनस्थितिहरूको उपासना गर्न सक्दछ र लोभ, क्रोध, दुःख तथा प्रेम घृणाको मनस्थिति परित्याग गर्न सक्दछ , तर यो गर्न सजिलो छैन । दुष्ट मनलाई हटाउनु पाले कुकुरलाई हटाउनु जस्तै कठिन हुन्छ , अनि सच्चा मन जंगलमा हरिण हराएजस्तै सजिलै हराउँदछ ; अथवा दुष्ट मन हटाउनु भनेको पत्थरमा कुँदिएको अक्षर मेटाउनु जस्तै कठिन हो अनि सच्चा मन पानीमा लेखिएका अक्षर जस्तै सजिलै हराउँछ। वास्तवमा, ज्ञानको साधनामा आफूलाई लगाउनु , जीवनमा एक अत्यन्त कठिन कुरा हो ।

१०. स्रोन नाम गरेका एक युवक थिए , उनको जन्म एक सम्पन्न परिवारमा भएको थियो, तर उनी रोगी थिए। ज्ञान प्राप्त गर्नका निमित्त उनी बडो उत्सुक थिए र उनी भगवान बुद्धका शिष्य भए। ज्ञान प्राप्त गर्ने क्रममा उनले निकै कडा परिश्रम गरे जसले गर्दा उनको खुट्टाबाट रगत बग्यो ।

भगवान बुद्धले उनीमाथि अनुकम्प गरी भन्नुभयो : “स्रोन मेरो नानी, के तिमीले कहिल्यै घरमा वीणा बजाउन सिकेका छौ ? तिमीलाई थाहा होला यदि वीणाको तार ज्यादै कस्यो अथवा ज्यादै खुकुलो पार्‍यो भने वीणाबाट संगीत निस्कदैन। तारहरू ठिक्क तान्यो भने मात्र यसबाट संगीत निस्कन्छ ।”

"ज्ञान प्राप्तिको साधना पनि वीणाको तार मिलाउनु जस्तै हो। तिमीले आफ्नो मनको तारलाई ज्यादै खुकुलो गरी अथवा ज्यादै कडा गरी तान्यौ भने तिमीले ज्ञान प्राप्त गर्न सक्दैनौ। तिमी विवेकी हुनुपर्दछ र बुद्धिमत्तापूर्वक कार्य गर्नु पर्दछ।"

स्रोनले यी शब्दहरू ज्यादै लाभप्रद पाए तथा अन्त्यमा उनले जे खोजी गरेका थिए सो प्राप्त गरे।

११. कुनै समय एक राजकुमार थिए जो पाँच अस्त्रको प्रयोग गर्नमा निपुण थिए। एक दिन उनी आफ्नो अभ्यासपछि घर फर्कँदै थिए र बाटोमा अभेद्य छाला भएको एक राक्षस भेटे।

राक्षसले उनलाई झस्कायो तर उनी अलिकति पनि डराएनन्। उनले उसमाथि एउटा वाण छोडे तर त्यसले कुनै हानि गर्न सकेन। अनि आफ्नो भालाले रोप्न खोजे तर त्यसले बाक्लो छाला छेड्न सकेन। त्यसपछि उनले लाठी र बर्छीले हाने तर त्यसले पनि राक्षसलाई चोट पुऱ्याउन सकेन। अनि उनले तरबारले हिर्काए तर तरबार टुक्रियो। राजकुमारले राक्षसलाई आफ्नो हात र खुट्टाले हिर्काए तर त्यसलाई केही पनि भएन बरु उल्टो राक्षसले आफ्नो ठूलो हातले राजकुमारलाई मुठ्ठीमा बेसरी कस्यो। त्यसपछि राजकुमारले आफ्नो शिरलाई नै अस्त्रको रूपमा प्रयोग गर्ने प्रयत्न गरे तर त्यो पनि व्यर्थ भयो।

राक्षसले भन्यो : "तिमीले प्रतिरोध गर्नु व्यर्थ हो, अब म तिमीलाई निल्नेछु।" तर राजकुमारले उत्तर दिए , "मैले सबै अस्त्र प्रयोग गरिसकें र अब म निःसहाय छु भन्ने सोच्छौ होला, तर मसँग अझै एउटा अस्त्र बाँकी छ। यदि तिमीले मलाई निल्यौ भने, म तिम्रो पेटभित्रबाट तिमीलाई नष्ट पार्नेछु।"

राजकुमारको साहसले राक्षसलाई विचलित पाऱ्यो र उनलाई प्रश्न गऱ्यो : “तिमीले यो कसरी गर्न सक्नेछौँ ?” राजकुमारले उत्तर दिए, “सत्यको शक्तिले ।”

त्यसपछि राक्षसले उनलाई मुक्त गरिदियो र सत्यको शिक्षाका लागि उनीसँग अनुरोध गऱ्यो ।

शिष्यहरूलई कैयन् आपत् विपद्मा पनि निर्भिक भई आफ्नो प्रयत्नलाई अनवरत गर्दै जान प्रोत्साहित गर्नु यस कथाको उपदेश हो

१२. कुत्सित आत्म-वचन एवं निर्लज्जता दुबैले मानव समाजमा वैमनष्य उत्पन्न गर्दछ ,तर अपमान र लज्जाले मानवको रक्षा गर्दछ । मानिसहरूले आफ्ना मातापिता तथा मान्यजनको सम्मान गर्दछन् , आफ्ना दाजु र दिदीहरूको सम्मान गर्दछन् किनभने उनीहरू अपमान तथा लज्जाप्रति सचेत हुन्छन् । आत्म दोषारोपणपछि आफ्नो सम्मान आफैमा खोज्नु तथा अरुलाई देख्दा लाज मान्नु प्रशंसनीय कुरा हो ।

यदि कुनै मानिसमा पश्चाताप गर्ने भावना छ भने उसका पापहरू बिलाएर जान्छन् तर यदि अपश्चातापी भावनाको व्यक्ति छ भने उसका पापहरू कायमै रहन्छन् र उसलाई सदा कालका लागि दोषी ठहराइन्छ ।

त्यस व्यक्तिले मात्र जसले सत्य उपदेशलाई ठीक ठीक सुनेको हुन्छ अनि जसले यसको अर्थ र त्यसको आफूसँगको सम्बन्धलाई बुझेको हुन्छ , उसले मात्र यसलाई ग्रहण गरी यसबाट लाभ उठाउन सक्दछ ।

यदि कुनै मानिसले सत्य उपदेश सुन्दछ मात्र, तर त्यसलाई ग्रहण गर्दैन भने, उसले ज्ञान प्राप्तिको अन्वेषणमा सफलता हासिल गर्ने छैन ।

विश्वास, विनम्रता, विनयशीलता, प्रयत्न र प्रज्ञा त्यस व्यक्तिका लागि शक्तिका महान् स्रोत हुन् , जसले ज्ञान प्राप्तिको खोजी गर्दछ। यीमध्ये, प्रजा सबैभन्दा ठूलो हो र अरु सबै प्रज्ञाका पक्षहरू मात्र हुन्। अभ्यासको मार्गमा रहेको व्यक्तिले यदि सांसारिक विषय मन पराउँछ भने, व्यर्थका कुरा गर्न आनन्द मनाउँछ भने अथवा निदाउँदछ भने, ऊ ज्ञानको मार्गबाट बञ्चित गरिने छ।

१३. ज्ञान प्राप्तिको साधनामा कसै कसैले अरुभन्दा छिटो सफलता प्राप्त गर्न सक्ने छन्। तसर्थ, अरुले आफूभन्दा अघि ज्ञान प्राप्त गरेको देख्दा निरुत्साहित हुनुहुँदैन।

जब कसैले धनुविद्याको अभ्यास गर्दछ उसले छिटै सफलताको आशा राख्न सक्दैन तर यदि उसले धैर्यपूर्वक अभ्यास गर्दै रह्यो भने, ऊ दिनप्रतिदिन निसानामा अचुक हुँदै जाने छ। कुनै पनि नदी पहिले एउटा सानो खोलाबाट प्रारम्भ हुन्छ र विशाल महासागरमा मिसिन अघिसम्म निरन्तर ठूलो हुँदै जान्छ।

यी उदाहरणहरू जस्तै, यदि कसैले धैर्यपूर्वक र अनवरत साधना गर्दछ भने, उसले निश्चय पनि ज्ञान प्राप्त गर्ने छ।

जस्तो स्पष्ट गरिसकिएको छ , यदि कसैले आफ्नो दृष्टि खुला राख्यो भने, उसले जताततै उपदेश देख्ने छ र यसरी उसको ज्ञान प्राप्तिका अवसरहरू असीमित हुनेछन्।

कुनै समय एउटा मानिस धूप बाली राखेको थियो। उसलाई बोध भयो कि वासना न त आइराखेको थियो न त गइराखेको थियो ; न त प्रकट भइराखेको थियो न बिलाई राखेको थियो। यो साधारण घटनाबाट उसले ज्ञान प्राप्त गऱ्यो।

कुनै समय एउटा मानिसको खुट्टामा काँडा बिभ्यो । उसलाई साह्रै दुख्यो र उसको मनमा विचार आयो, वेदना भनेको त मनको प्रतिक्रिया मात्र हो । त्यस घटनाबाट उसमा झन् गहिरो विचार आयो । यदि कसैले मनको नियन्त्रण गर्न सकेन भने त्यो अनियन्त्रित हुने छ , तर कसैले यसको नियन्त्रण गर्न सफल भयो भने यो विशुद्ध भएर आउने छ । यी विचारहरूबाट केही कालपछि , उसले ज्ञान प्राप्त गर्‍यो ।

एउटा अर्को व्यक्ति थियो जो साह्रै लालची थियो । एक दिन उसले आफ्नो लोभी मनका सम्बन्धमा सोच्दा सोच्दै उसमा एक यस्तो कुरा बोध भयो–लोभी विचारहरू भनेको काठका त्यान्द्रा र सलाईका काँटी हुन् जसलाई प्रज्ञाले जलाएर भष्म गर्न सक्दछ । यो विचार उसको ज्ञानको प्रारम्भ थियो ।

एउटा पुरानो भनाइ छ : “तिम्रो मनलाई सन्तुलित राख । यदि मन सन्तुलनमा छ भने, सम्पूर्ण संसार सन्तुलित हुनेछ ।” यी शब्दहरूमाथि विचार गर । संसारका सम्पूर्ण भेदभावहरू मनका भेदभावपूर्ण विचारले उत्पन्न हुन्छन् भन्ने कुरा अनुभव गर । ती शब्दहरूमा नै ज्ञानको मार्ग छ । वास्तवमा ज्ञानका मार्गहरू असीमित छन् ।

## ३

## श्रद्धाको मार्ग

१. जसले बुद्ध , धर्म र संघको त्रिरत्नमा शरण लिन्छन् , तिनीहरूलाई बुद्धका शिष्य भनिन्छन् । बुद्धका शिष्यहरू मनको

नियन्त्रणका चार नियमहरू पालन गर्दछन् । ती हुन् : शील , श्रद्धा , दान र प्रज्ञा ।

बुद्धका शिष्यहरू पाँच शीलहरू पालन गर्दछन् : कुनै जीवको हत्या नगर्नु , चोरी नगर्नु , व्यभिचार नगर्नु , असत्य नबोल्नु र कुनै प्रकारको लागू पदार्थको सेवन नगर्नु ।

बुद्धका शिष्यहरूलाई बुद्धको परिपूर्ण प्रज्ञामा श्रद्धा छ । उनीहरू लोभ र स्वार्थबाट टाढा रहेर दानको अभ्यास गर्न प्रयत्न गर्दछन् । उनीहरू हेतु र फलको नियमलाई बुझ्दछन् एवं जीवनको क्षणभंगुरतालाई विचार गरेर प्रज्ञाको नियम पालन गर्दछन् ।

पूर्वतिर निहुरेको वृक्ष स्वभाविक रूपले पूर्वैतिर ढल्दछ र जसले बुद्धको उपदेश श्रवण गर्दछन् र यसमा श्रद्धा राख्दछन्, तिनीहरूको जन्म अवश्य पनि बुद्धको सुखावतीमा हुन्छ ।

२. यो उचित नै भनिएको छ , जो बुद्ध, धर्म र संघ यी त्रिरत्नमा विश्वास गर्दछन् तिनलाई बुद्धका शिष्य भनिन्छ ।

बुद्धले परिपूर्ण ज्ञान प्राप्त गरे तथा आफ्नो यस उपलब्धिलाई सम्पूर्ण मानव समाजलाई मुक्त गर्न र आशिर्वाद दिन प्रयोगमा ल्याए । धर्म सत्य हो, ज्ञानको चेतना र उपदेशले यसको व्याख्या गर्दछ । बुद्ध र धर्ममा पूर्णरूपले विश्वास गर्नेहरूको समूह संघ हो ।

हामी बुद्धत्व, धर्म र संघ तीन बेग्लाबेग्लै कुरा हुन् भने जस्तो गरी कुरा गर्छौं , तर तिनीहरू वास्तवमा एक हुन् । बुद्ध उनको धर्ममा अभिव्यक्त हुन्छन्, एवं संघद्वारा उनको सिद्धि गर्न सकिन्छ। तसर्थ, धर्ममा विश्वास गर्नु र संघको उपासना गर्नु, बुद्धमा श्रद्धा राख्नु हो र बुद्धमा श्रद्धा हुनुको अर्थ धर्ममा विश्वास गर्नु तथा संघको उपासना गर्नु हो ।

तसर्थ, मानिसहरूले बुद्धमा श्रद्धा राखेर मोक्ष र ज्ञान प्राप्त गर्न सक्दछन् । बुद्धले परिपूर्ण ज्ञान प्राप्त गरेका छन् र उनले प्रत्येक व्यक्तिलाई आफ्नो एक मात्र सन्तानलाई स्नेह गरेजस्तै स्नेह गर्दछन् । त्यसैले यदि कसैले बुद्धलाई मातापिता सरह मान्दछ भने उसले बुद्धसँग तादात्म्य स्थापित गरी ज्ञान प्राप्त गर्दछ ।

जसले बुद्धलाई यसरी श्रद्धा गर्नेछन् । उनीहरूले उनको प्रज्ञाबाट समर्थन पाउने छन् र उनको अनुग्रहले सुगन्धित हुनेछन् ।

३. यस संसारमा बुद्धमाथि विश्वास गर्नुभन्दा बढी लाभ अन्य केही कुराले ल्याउँदैन। बुद्धको नाम सुन्नाले मात्र, एक क्षणका निमित्त उनमा विश्वास गरेर त्यस कुराले प्रसन्न भए पनि, कृतार्थ होइन्छ।

तसर्थ संसार भरी फैलिएको आगलागीको भित्रबाट पनि प्रत्येक व्यक्तिले बुद्धले दिनुभएको उपदेशको खोजी गरी प्रसन्न हुनुपर्दछ।

धर्मको व्याख्या गर्न सक्ने उपदेशक पाउन कठिन कुरा हो, बुद्धलाई भेट्नु झन कठिन कुरा हो ; तर उनको उपदेशमा विश्वास गर्नु सबभन्दा कठिन कुरा हो ।

तर अब तिमीले भेट्न कठिन बुद्ध भेटी सकेको हुँदा, यो सुन्न कठिन विषय तिम्रा समक्ष व्याख्या गरी सकिएको हुँदा, तिमीले विश्वासका साथ बुद्धको श्रद्धा गरेर आनन्दित हुनुपर्दछ ।

४. मनुष्य जीवनको लामो यात्रामा श्रद्धा नै सबभन्दा उत्तम साथी हो, श्रद्धा नै यात्राको सबभन्दा उत्तम खानपिन हो र यो नै सबभन्दा ठूलो सम्पत्ति हो ।

श्रद्धा त्यो हात हो जसले धर्मलाई ग्रहण गर्दछ , यो त्यो विशुद्ध हात हो जसले सबै सद्गुणहरूलाई ग्रहण गर्दछ । श्रद्धा त्यो अग्नि हो जसले सबै सांसारिक तृष्णाका अपवित्रतालाई भष्म गर्दछ , यसले बोझलाई हटाइदिन्छ , यसले कसैलाई पनि मार्ग निर्देशित गर्दछ ।

श्रद्धाले लोभ, त्राश र घमण्डलाई हटाउँछ ; यसले शिष्टाचार अनि अरुलाई सम्मान गर्न सिकाउँछ ; यसले मनुष्यलाई परिस्थितिको बन्धनबाट मुक्त गर्दछ ; यसले कठिनाईको सामना गर्न साहस प्रदान गर्दछ ; यसले कसैलाई पनि प्रलोभनमाथि विजय प्राप्त गर्ने शक्ति प्रदान गर्दछ ; श्रद्धाले मनुष्यको कार्यलाई उज्जवल र विशुद्ध राख्न सक्षम तुल्याउँछ ; र यसले प्रज्ञाद्वारा मनलाई समृद्ध पार्दछ ।

श्रद्धा एक प्रोत्साहन हो , जब कसैको बाटो लामो र दिक्क लाग्दो हुन्छ र यसले मानिसलाई ज्ञानतर्फ डोऱ्याउँछ ।

श्रद्धाले हामीलाई बुद्धका समक्ष पुऱ्याएको अनुभव गराउँछ र यसले हामीलाई त्यस ठाउँमा पुऱ्याउँछ जहाँ बुद्धको हातले हामीलाई अडेस दिइराखेको हुन्छ । श्रद्धाले हाम्रो कठोर एवं स्वार्थी मनलाई नरम पार्दछ र हामीलाई एक मैत्रीपूर्ण भावना एवं सहानुभूतिपूर्ण मन प्रदान गर्दछ ।

५. जसमा श्रद्धा छ उनीहरूले जस्तोसुकै सुने पनि उनीहरूमा बुद्धको उपदेश सुन्ने प्रज्ञा हुन्छ । जसमा श्रद्धा हुन्छ उनीहरूमा प्रत्येक वस्तुलाई हेतु र परिस्थितिहरूको नियमले नै प्रकट हुने हो भनी बुझ्ने प्रज्ञा हुन्छ र श्रद्धाले उनीहरूलाई परिस्थितिका अनुसार शान्तिपूर्वक कार्य गर्ने क्षमता प्रदान गर्दछ र त्यसलाई धैर्यपूर्वक स्वीकार गर्ने गुण प्रदान गर्दछ ।

श्रद्धाले उनीहरूलाई जीवनको अनित्यतालाई स्वीकार गर्ने प्रज्ञा प्रदान गर्दछ तथा जस्तोसुकै आइपरे पनि अनि जीवनको अन्त्य आइपुगे पनि त्यसमा अचम्म नमान्ने एवं दुखित नहुने गुण प्रदान गर्दछ , परिस्थिति र रूप परिवर्तन भए तापनि जीवनको सत्यता सदैव अपरिवर्तित रहन्छ भन्ने कुरा उनीहरूले थाहा पाउँछन् ।

श्रद्धाका तीन महत्वपूर्ण पक्षहरू छन् : पश्चाताप , अरुको सद्गुणप्रति हर्षित एवम् निष्कपट सम्मान र बुद्धको प्रकटीकरणप्रति कृतज्ञ स्वीकारोक्ति ।

मानिसहरूले श्रद्धाका यी पक्षलाई अनुशीलन गर्नुपर्दछ ; उनीहरू आफ्नो त्रुटि तथा अपवित्रताप्रति सचेत हुनुपर्दछ ; उनीहरू तिनका प्रति लज्जित हुनपर्दछ तथा तिनलाई स्वीकार गर्नुपर्दछ ; उनीहरूले परिश्रमपूर्वक अरुहरूको असल गुण तथा कार्यहरू स्वीकार गरी तिनको प्रशंसा गर्ने अभ्यास गर्नुपर्दछ एवं उनीहरूले बुद्धसँग कार्य गर्ने तथा बुद्धलाई प्रेम गर्ने नियमित इच्छा गर्नुपर्दछ ।

श्रद्धाको मन निष्कपटताको मन हो, यो गहिरो मन हो, यो त्यो मन हो जो बुद्धको शक्तिद्वारा बुद्धको पवित्र भूमितर्फ निर्देशित गरिन निष्कपट रूपले हर्षित हुन्छ ।

तसर्थ, बुद्धले श्रद्धालाई त्यो शक्ति प्रदान गर्दछन् जसले मानिसहरूलाई पवित्र भूमिमा निर्देशित गर्दछ , त्यो शक्ति जसले उनीहरूलाई पवित्र गर्दछ , त्यो शक्ति जसले उनीहरूलाई स्वयम्को मोहबाट रक्षा गर्दछ । यदि उनीहरू एक क्षणको लागि भए पनि श्रद्धा राख्दछन् भने, जब उनीहरूले बुद्धको नाम विश्वभरी प्रशंसित भएको सुन्दछन् , त्यसले उनीहरूलाई बुद्धको पवित्र भूमिमा लग्ने छ ।

६. श्रद्धा भनेको सांसारिक मनमा थपिने कुरा जस्तो होइन, यो त मनको बुद्ध-प्रकृतिको प्रकटीकरण हो किनभने जसले बुद्धलाई बुझ्दछ ऊ स्वयम् बुद्ध हुन्छ ; जसले बुद्धमा विश्वास राख्दछ ऊ स्वयम् बुद्ध हुन्छ ।

तर कसैको लागि पनि बुद्ध-प्रकृतिको अनावरण गर्नु एवं पुनः प्राप्त गर्नु कठिन कुरो हो ; लोभ, क्रोध र सांसारिक रागको निरन्तर उत्थान र पतनको स्थितिमा मनलाई पवित्र राख्नु कठिन कुरा हो ; तर कसैलाई पनि विश्वासले यो कार्य गर्न सक्षम तुल्याउँछ ।

विषालु एरण्डका रुखहरूको जंगलमा एरण्डको रुख मात्रै उम्रन्छ र त्यहाँ सुगन्धित चन्दनको रुख उम्रदैन। यदि एरण्डको जंगलमा चन्दनको रुख उम्र्यो भने त्यो कुरा चमत्कार हुन जान्छ। त्यसैगरी मनुष्यहरूको हृदयमा बुद्धप्रति विश्वास उत्पन्न हुनु एक चमत्कार हो।

तसर्थ, बुद्धमा गरिने विश्वासलाई एक "मूलरहित" विश्वास भनिन्छ। अर्थात् , मानव मनमा उम्रने यसको जरो हुँदैन, तर बुद्धको करुणामय मनमा उम्रने यसको जरा हुन्छ।

७. यसरी श्रद्धा फलप्रद र पवित्र हुन्छ। तर अल्छी मनमा श्रद्धा जगाउनु कठिन कुरा हो। विशेष गरी मानव मनको छायामा पाँच सन्देहहरू लुकेर बसेका हुन्छन् , जसले श्रद्धालाई निरुत्साहित पार्ने प्रयत्न गर्दछ।

पहिलो, बुद्धको प्रज्ञामाथि सन्देह हुन्छ ;दोस्रो, बुद्धको उपदेशमाथि सन्देह हुन्छ ; तेस्रो, बुद्धको उपदेश व्याख्या गर्ने व्यक्तिमाथि सन्देह हुन्छ ; चौथो, आर्य मार्ग अनुसरण गर्न बताइएको मार्ग तथा प्रणाली विश्वसनीय हो होइन भन्ने कुरामाथि सन्देह हुन्छ ; र पाँचौ, त्यस्तो व्यक्तिहरूबाट, जो घमण्डी र अधीर मनले गर्दा, बुद्धको उपदेश बुझेर त्यसको अनुसरण गर्न लागेका मानिसहरूको निष्कपटता माथि पनि सन्देह हुन्छ।

वास्तवमा, सन्देह भन्दा डरलाग्दो अरु केही हुँदैन। सन्देहले मानिसहरूलाई परस्परमा टाढा पार्दछ। यो त्यस्तो विष हो, जसले मित्रतालाई खण्डखण्ड पारिदिन्छ र सुखद सम्बन्धमा विच्छेद ल्याइदिन्छ। यो पीडा र घाउ पार्ने काँडा हो ; हत्या गर्ने एक तरबार हो।

श्रद्धाको प्रारम्भ धेरै कालअघि बुद्धको करुणाद्वारा भएको थियो। जब मानिसमा श्रद्धा जाग्दछ उसले यस कुराको अनुभव गरेर बुद्धको उदारताप्रति अत्यन्त कृतज्ञ हुनुपर्दछ।

कसैले पनि यो कुरा कदापि बिर्सनु हुँदैन, उनीहरूमा श्रद्धा जाग्रत भएको कारण उनीहरूमा भएको करुणाले नभई बुद्धको करुणाले हो , जसले धेरै काल अघि मानव मनमा श्रद्धाको पवित्र ज्योति फिँजाएर उनीहरूको अज्ञानको अन्धकारलाई हटाइदियो। जससँग वर्तमान श्रद्धा छ , ऊ उनीहरूको त्यही परम्परामा प्रवेश गरेको हो।

यदि कसैले बुद्धको दीर्घकालीन निरन्तरको करुणाद्वारा श्रद्धा जाग्रत गर्दछ भने एक साधारण जीवन व्यतीत गर्दा पनि कुनै व्यक्ति बुद्धको पवित्र भूमिमा जन्म लिन सक्दछ।

वास्तवमा, यो संसारमा जन्म लिनु कठिन कुरा हो। धर्म श्रवण गर्नु कठिन कुरा हो ; श्रद्धा जाग्रत गर्नु झन् कठिन कुरा हो ; तसर्थ, प्रत्येक व्यक्तिले बुद्धको उपदेश श्रवण गर्न सकभर बढी प्रयत्न गर्नुपर्दछ।

# ४

# पवित्र सूत्रहरू

१. "उसले मेरो निन्दा गऱ्यो, उसले मेरो हाँसो उडायो, उसले मलाई पिट्यो ।" यसरी कोही विचार गर्दछ र जबसम्म उसले यस्ता विचारहरू मनमा लिई राख्दछ , उसको क्रोध कायमै रहन्छ ।

मनमा क्रोधको विचार आउन्जेल रोष कहिल्यै पनि समाप्त भएर जादैन । रोष त्यसै बेला समाप्त भएर जान्छ जब क्रोधको विचार बिर्सिन्छ ।

यदि घरको छत राम्ररी बनाइएको छैन अथवा मर्मत गरिएको छैन भने, वर्षाको पानी घरभित्र पस्ने छ ; त्यसैगरी राम्रो गरी साधना नगरिएको अथवा नियन्त्रण बाहिर रहेको मनमा लोभ प्रवेश गर्दछ ।

अल्छी हुनु भनेको मृत्युको छोटो मार्ग हो अनि परिश्रमी हुनु भनेको जीवनको मार्ग हो, मूर्ख व्यक्तिहरू अल्छी हुन्छन् अनि बुद्धिमान व्यक्तिहरू परिश्रमी हुन्छन् ।

वाण बनाउने व्यक्तिले आफ्नो वाण सोझो बनाउने प्रयत्न गर्दछ ; त्यसैगरी बुद्धिमान मानिसले आफ्नो मनलाई सोझो राख्ने प्रयत्न गर्दछ ।

विचलित मन निरन्तर सक्रिय रहन्छ , यता उती उफ्री राख्दछ, र यसलाई नियन्त्रण गर्न ज्यादै कठिन हुन्छ ; तर निश्चल मन शान्त हुन्छ तसर्थ, मनलाई नियन्त्रणमा राख्नु बुद्धिमत्तापूर्ण कुरा हो ।

शत्रु अथवा प्रतिद्वन्द्वीले नभई मानिसको आफ्नो मनले नै कुत्सित मार्गतिर जान उसलाई प्रलोभित गर्दछ ।

जसले आफ्नो मनलाई लोभ, क्रोध र मोहबाट रक्षा गर्दछ , उसले नै वास्तविक स्थायी शान्तिको उपभोग गर्न सक्दछ ।

२. मीठा मीठा शब्दहरू तिनको अभ्यास नगरी बोल्नु भनेको सुगन्ध नभएको एक राम्रो फूल जस्तै हो ।

फूलको सुगन्ध वायुको विपरीत बग्न सक्दैन, तर असल मानिसको प्रतिष्ठा वायुको विपरीत पनि संसारमा फैलिन्छ ।

निद्रा नपरेको मानिसका निमित्त रात लामो लाग्दछ र थाकेको यात्रीको निमित्त यात्रा लामो लाग्दछ ; त्यसै गरी सही उपदेश थाहा नपाएको व्यक्तिलाई मोह र दुःखको समय लामो लाग्दछ ।

कुनै पनि मानिसले यात्रा गर्दा आफू जस्तै मन भएको अथवा आफूभन्दा असल मन भएको व्यक्तिसँग यात्रा गर्नुपर्दछ , एउटा मूर्ख मानिससँग यात्रा गर्नुभन्दा एक्लै यात्रा गर्नु राम्रो हुन्छ ।

कपटी र दुष्ट मित्रसँग जंगली जनावरसँग भन्दा बढी डराउनु पर्दछ ; जंगली जनावरले तिम्रो शरीरमा घाउ पार्न सक्दछ, तर कपटी मित्रले तिम्रो मनमा घाउ पार्दछ ।

जबसम्म कुनै मानिसले आफ्नो मनलाई नियन्त्रणमा राख्न सक्दैन, उसले "यो मेरो छोरो हो" अथवा "यो मेरो सम्पत्ति हो" भन्ने कुरा विचार गरेर कसरी सन्तुष्टि पाउन सक्दछ । एक मूर्ख मानिसले यस्ता विचारहरूबाट दुःख पाउँछ ।

मूर्ख हुनु र मूर्ख भएको कुरा स्वीकार गर्नु भनेको मूर्ख भएर आफूलाई बुद्धिमान ठान्नुभन्दा असल हो ।

एउटा चम्चामा भएको भोजनको स्वाद त्यो चम्चाले लिन सक्दैन । ठीक त्यसै गरी मूर्ख मानिसले योगीसँग संगत गर्‍यो भने तापनि बुद्धिमान मानिसको प्रज्ञा बुझ्न सक्दैन ।

ताजा दूध प्रायः छिटो जम्दैन, त्यसैगरी पापपूर्ण कार्यहरूले तत्कालै प्रतिफल ल्याउँदैन । पापपूर्ण कार्यहरू भनेको खरानीभित्र लुकिराखेको कोइलाको त्यो आगो हो, जो खरानीमा भुङ्ग्री रहेको हुन्छ जुन अन्तमा ठूलो आगोको कारण बन्दछ ।

कुनै पनि व्यक्तिले सुविधा, पदोन्नति, लाभ र सम्मानको तृष्णा गर्नु मूर्खता हो, किनभने त्यस्तो तृष्णाले कहिल्यै पनि सुख ल्याउँदैन, बरु दुःख ल्याउँछ ।

असल मित्र जसले आफ्नो दोष र अपूर्णताहरू बताइदिन्छ अनि दुष्कर्म बारेमा भर्त्सना गर्दछ भने उसलाई लुकेको सम्पत्तिको गोपनीयता बताइदिए सरह ठानी सम्मान गर्नुपर्दछ ।

३. कुनै पनि मानिस जब असल शिक्षा प्राप्त गरेपछि हर्षित हुन्छ , ऊ शान्तिपूर्वक सुत्न सक्दछ किनभने उसको मन पवित्र भइसकेको हुन्छ ।

सिकर्मीले आफ्नो दलिन सिधा बनाउन चाहन्छ; वाण बनाउनेले सन्तुलित वाण बनाउन चाहन्छ , सिंचाइको खाल्डो खन्नेले त्यसमा

पानी सलल बगोस् भन्ने चाहन्छ , त्यसैगरी बुद्धिमान् मानिसले आफ्नो मनलाई नियन्त्रण गर्ने प्रयत्न गर्दछ जसमा ऊ निर्विघ्नतापूर्वक एवं सत्यतापूर्वक कार्य गर्न सकोस् ।

ठूलो चट्टानलाई हावाले खलबलाउन सक्दैन, बुद्धिमान मनुष्यको मनलाई पनि प्रतिष्ठा अथवा निन्दाले खलबलाउन सक्दैन ।

युद्धमा हजारौँ व्यक्तिमाथि विजय पाउनुभन्दा आफैलाई जित्नु बढी ठूलो विजय हो ।

असल उपदेश सुनेर एक दिन  बाँच्नु , अज्ञानमा सय वर्ष बाँच्नुभन्दा उत्तम हो ।

जसले आफैलाई सम्मान गर्दछन् उनीहरू कुत्सित तृष्णामा नपरुन् भनेर निरन्तर सावधान रहनु पर्दछ। जीवनमा कमसेकम एकपल्ट, चाहे उसको युवावस्थामा अथवा प्रौढावस्थामा अथवा वृद्धावस्थामा उनीहरूले श्रद्धा जाग्रत गर्नुपर्दछ ।

यो संसार सदैव बलिराखेको छ ; लोभ, क्रोध र मूर्खताको अग्निले बलिराखेको छ , कुनै पनि व्यक्ति यस्ता आपत्‌बाट यथासम्भव शीघ्र उम्कनु पर्दछ ।

यो संसार पानीको फोका जस्तै छ , यो माकुरोको जालोजस्तै छ , यो फोहोर गाग्रीको दूषित पानी जस्तै हो, कुनै पनि व्यक्तिले आफ्नो मनको पवित्रतालाई निरन्तर सुरक्षित राख्नु पर्दछ ।

४. पापलाई परित्याग गर्नु , असल कुराको खोजी गर्नु र मनलाई पवित्र राख्नु ; यही नै बुद्धको उपदेशको सारतत्व हो ।

सहनशीलता सबैभन्दा कठिन विनय हो, तर जो सहनशील हुन्छ उसैले अन्तिम विजय प्राप्त गर्दछ ।

रीस उठेर आउँदा रीसलाई हटाउनु पर्दछ ; दुःख धेरै हुँदा दुःखको परित्याग गर्नुपर्दछ ; लोभको प्रवृत्ति हुँदा लोभको परित्याग गर्नु पर्दछ । विशुद्ध निःस्वार्थी जीवन व्यतीत गर्न, प्रशस्त हुँदा पनि कुनै कुरा आफ्नो हो भन्ने ठान्नु हुँदैन ।

स्वस्थ हुनु उत्कृष्ट अवस्था हो ; आफूसँग भएको कुरामा सन्तुष्ट रहनु भनेको धेरै सम्पत्तिमाथिको स्वामित्वभन्दा पनि ठूलो हो; विश्वसनीय हुनु मित्रताको उत्तम गुण हो ; ज्ञान प्राप्त गर्नु सबभन्दा ठूलो आनन्द हो ।

जब कसैमा पापप्रति घृणाको भावना छ ,जब कसैले शान्तिको अनुभव गर्दछ , जब कसैले असल उपदेशहरू सुनेर आनन्द प्राप्त गर्दछ , जब कसैमा यी भावनाहरू हुन्छन् अनि यिनलाई बुझ्दछ भने, त्यो व्यक्ति त्राशबाट मुक्त हुन्छ ।

तिमीले मन पराएका वस्तुहरूप्रति आशक्त नहोऊ, तिमीले मन नपराएका वस्तुहरूप्रति घृणा नगर । कसैको रुचि र अरुचिबाटै दुःख, त्राश र बन्धनको उत्पत्ति हुन्छ ।

५. फलामबाट उत्पन्न भएको खियाबाट फलाम नष्ट हुन्छ , त्यस्तै मानिसको मनमा उत्पन्न हुने पापले मानिसलाई नष्ट गर्दछ ।

कुनै पनि धर्मग्रन्थलाई हार्दिकतापूर्वक पढिएन भने त्यो छिटै नै धूलोले ढाकिन्छ , कुनै पनि मर्मत गर्नुपर्ने घर समयमै मर्मत गरिएन भने त्यो फोहोर भएर आउँछ , त्यसरी नै अल्छी मानिस छिटै अपवित्र भएर जान्छ ।

अपवित्र कार्यले व्यक्तिलाई अपवित्र पार्दछ , वस्तुप्रतिको मोहले दानलाई अपवित्र पार्दछ , त्यसैगरी पाप कर्मले यस जीवनलाई मात्र नभई भावी जीवनलाई पनि अपवित्र पार्दछ ।

तर सबभन्दा डरलाग्दो क्लेश अज्ञानको क्लेश हो । जबसम्म अज्ञानको परित्याग गर्न सकिन्न तबसम्म कसैले पनि आफ्नो शरीर र मनलाई पवित्र पार्ने आशा राख्न सक्दैन ।

निर्लज्जतामा गल्ती गर्नु सजिलो छ , कागजस्तै अटेरी र हिम्मती हुनु सजिलो छ , आफूले गरेको कार्यको कुनै पछुतो नगरी अरुको मनमा चोट पुऱ्याउनु सजिलो छ ।

वास्तवमा विनम्र हुनु , सम्मान र प्रतिष्ठा गर्न जान्नु , सबै आशक्तिबाट मुक्त हुनु , विचार एवं कार्यमा पवित्र रहनु र बुद्धिमान हुनु कठिन कुरा हो ।

अरुको गल्ती देखाउनु सजिलो छ तर स्वयम्को गल्ती स्वीकार्नु कठिन हुन्छ । मनुष्यहरू अरुको पाप सबैलाई सुनाउँदै हिँड्छ तर आफूले गरेको पाप चाहिँ जुवाडेले फाल्टो पाशा लुकाएँ झैँ लुकाउँछ ।

आकाशमा चरा, धुवा तथा आँधीको कुनै अवशेष बाँकी रहँदैन; कुत्सित उपदेशमा ज्ञान हुँदैन ; यस संसारमा कुनै कुराको स्थायित्व हुँदैन ; तर ज्ञान प्राप्त गरेको मन विचलित हुँदैन ।

६. जसरी कुनै रक्षकले आफ्नो गढको ढोकाको रक्षा गर्दछ , त्यसैगरी कसैले पनि बाह्‌य र आन्तरिक संकटबाट मनको रक्षा गर्नु पर्दछ , उसले एक क्षण पनि यसको उपेक्षा गर्नु हुँदैन ।

आफू नै आफ्नो स्वामी हो, भर पर्न सकिने भनेको आफैमा हो, तसर्थ, कसैले पनि सर्वप्रथम स्वयम्‌को नियन्त्रण गर्नु पर्दछ ।

सांसारिक बन्धन र अवरोधबाट आध्यात्मिक स्वतन्त्रता प्राप्त गर्ने पहिलो खुड्‌किलो भनेको मनलाई नियन्त्रण गर्नु हो , अनाबश्यक कुरा नगर्नु हो अनि गम्भीर हुनु हो ।

सूर्यले दिनलाई उज्यालो पार्दछ , चन्द्रमाले रातलाई सुन्दर पार्दछ ,अनुशासनले योद्धालाई मर्यादा थप्दछ ;त्यसैगरी शान्त ध्यानको अभ्यासले ज्ञान प्राप्त गर्न खोज्ने व्यक्तिलाई विशिष्टता प्रदान गर्दछ ।

जो व्यक्ति आफ्ना पाँच इन्द्रियहरू आँखा, कान, नाक, जिब्रो र शरीरको नियन्त्रण गर्न असमर्थ छ अनि आफ्ना वरिपरिका स्थितिहरूप्रति प्रलोभित हुन्छ , उसले आफूलाई ज्ञानको साधनामा लगाउनसक्दैन । जसले आफ्ना पाँचै इन्द्रियहरूका ढोकाहरूलाई दृढतापूर्वक नियन्त्रण गर्दछ अनि मनलाई नियन्त्रणमा राख्न सक्दछ उसले ज्ञान प्राप्तिको निमित्त सफलतापूर्वक साधना गर्न सक्दछ ।

७. जो व्यक्ति आफ्नो रुचि तथा अरुचिको प्रभावमा पर्दछ उसले परिस्थितिहरूको महत्वलाई सही रूपले बुझ्न सक्दैन अनि त्यसलाई जिते जस्तो लाग्दछ ; जो आशक्तिबाट स्वतन्त्र छ , उसले परिस्थितिहरूलाई सही रूपमा बुझ्दछ एवं उसका निमित्त सबै वस्तु नयाँ र महत्वपूर्ण हुन जान्छन् ।

दुःख पछिपछि सुख आउँछ अनि सुख पछिपछि दुःख आउँछ तर जब कसैले सुख र दुःखका बीच, असल कार्य र खराब कार्यका बीच विभेद गर्न छाड्दछ ,त्यस व्यक्तिले स्वतन्त्रतालाई प्राप्त गर्न सक्दछ ।

अनुमानको भरमा भविष्यको चिन्ता गर्नु अथवा वितेको कुराको पश्चाताप गर्दै रहनु भनेको ती नरकट जस्तै हुन् जुन काटिए पछि सुकेर जान्छन् ।

मन र शरीर दुबैको स्वास्थ्यको रहस्य भनेको वितेका कुराहरूप्रति विलाप नगर्नु , भविष्यको निमित्त चिन्ता नगर्नु , अथवा भविष्यमा आउन सक्ने कठिनाइहरूको अड्कल नगरी वर्तमानका लागि बुद्धिमानीपूर्वक एवं उत्साहीपूर्वक बाँच्नु हो ।

भूतकालमा विचरण नगर, भविष्यको सपनामा नपर, वर्तमान क्षणमाथि मनलाई एकाग्र गर ।

वर्तमान कर्तव्यलाई राम्रोसँग गर्नु अनि त्यसलाई पूर्णता दिनु उत्तम कुरा हो, यसलाई टार्नु अथवा भोलिसम्मको लागि स्थगित गर्नु हुँदैन । अहिले गर्नुपर्ने काम तुरुन्तै गरेमा, उसले त्यो दिन राम्ररी विताउन सक्दछ ।

प्रज्ञा सर्वश्रेष्ठ मार्गदर्शक हो अनि विश्वास सर्वश्रेष्ठ मित्र हो । कसैले पनि अज्ञान र दुःखको अन्धकारबाट उम्कने प्रयत्न गर्नु पर्दछ । ज्ञानको ज्योतिको खोजी गर्नुपर्दछ ।

यदि कसैको मन र शरीर नियन्त्रणमा छ भने यसको प्रमाण उसले नैतिक गुण भएको कार्यबाट गर्नुपर्दछ । यो एउटा पवित्र कर्तव्य हो । श्रद्धा नै अनि उसको सम्पत्ति हुनेछ , निष्कपटताले उसको जीवनलाई मीठो विशिष्ट स्वाद प्रदान गर्नेछ , अनि सद्‌गुण संग्रह गर्नु उसको पवित्र कार्य हुनेछ ।

जीवनको यात्रामा श्रद्धा नै पौष्टिक आहार हो, सद्‌गुणले भरिएको कार्य नै आश्रय हो, प्रज्ञा दिनमा ज्योतिजस्तै हो अनि सही चिन्तनशीलता रात्रीको रक्षक हो । यदि कुनै व्यक्तिले विशुद्ध जीवन बिताउँछ भने उसलाई कुनै कुराले पनि उसको स्वतन्त्रता सीमित गर्न सक्दैन ।

कसैले पनि आफ्नो परिवारका निमित्त आफूलाई बिर्सनु पर्दछ ; आफ्नो गाउँको निमित्त आफ्नो परिवारलाई बिर्सनु पर्दछ ; आफ्नो राष्ट्रका निमित्त आफ्नो गाउँलाई बिर्सनु पर्दछ र कसैले पनि ज्ञानका निमित्त सबै कुरालाई बिर्सनु पर्दछ ।

प्रत्येक वस्तु परिवर्तनशील हुन्छ , प्रत्येक वस्तु प्रकट एवं लोप हुन्छ ; आनन्दमय शान्ति त्यस बेलासम्म प्राप्त हुँदैन जबसम्म कुनै व्यक्ति जीवन र मृत्युको वेदनाभन्दा माथि उठ्दैन ।